# वर्गदृष्टि
Bargadristi Weekly
साप्ताहिक


## क्रान्तिकारी कम्युनिस्ट पार्टीको स्थायी समिति बैठक सम्पन्न
# सात बुँदे निर्णय सार्वजनिक

काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टीको स्थायी समिति बैठक सम्पन्न भएको छभने सात बुँदे निर्णय सार्वजनिक गरिएको छ । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको स्थायी समितिको बैठक यही श्रावण १२ देखि १९ गतेसम्म कार्यबाहक महासचिव कमरेड गौरवको अध्यक्षतामा बसेको थियो । देशको तात्कालिक राजनैतिक परिस्थिति, संगठन, संघर्षसहित कैयौं समसामयिक विषयमाथि गम्भीर छलफल गरी बैठकमा गरिएका कतिपय महत्वपूर्ण निर्णयहरूलाई सार्वजनिक गरिएको छ । कार्यबाहक महासचिव गौरबले जारी गर्नुभएको बक्तब्यमा भनिएको छ- अमेरिकी साम्राज्यवादले केही समय यता इजरायललाई उक्साएर प्यालेष्टाइन र इरानमाथि हमला गरायो । इजरायली विस्तारवादी सरकारले ७० हजारभन्दा बढीको जातीय नरसंहारगर्नुका साथै गाजाक्षेत्रमा राहत सामग्री बाँकी ७ पेजमा

वर्ष १० अङ्क ७ पूर्णाङ्क ४३३ | २०८२ साउन २६ गते सोमबार | Monday 11 Aug;, 2025 | पृष्ठ ८ | मूल्य रू. १०।-

# ‘वर्गसंघर्षबिना आदिवासी जनजातिहरूको मुक्ति असम्भव’

❑ गोविन्द पौडेल

काठमाडौं । ‘सम्पुर्ण आदिवासी जनजातिहरू एक होऔ !’ भन्ने मुल नाराका साथ ३१ औं विश्व आदिवासी दिवस भव्य रूपमा सम्पन्न मनाइएको छ । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल निकट क्रान्तिकारी आदिवासी जनजातिहरूले आदिवासी जनजातिको वास्तविक मुक्तिका निम्ति आवश्यकत वैचारिक विमर्शसहित दिवस भव्य रूपमा मनाइएको हो ।




अखिल नेपाल आदिवासी जनजाति महासंघको आयोजनामा काठमाडौं महानगरस्थित पुरानो वानेश्वरबाट निकालिएको ऱ्याली घट्टेकुलोस्थित इच्छुक सांस्कृतिक प्रतिष्ठानमा पुगेर विशेष समारोहमा परिणत भएको थियो । उक्त समारोहको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका कार्यवाहक महासचिव सीपी गजुरेल गौरवले पानसमा बत्ति बालेर उद्घाटन गर्नुभएको थियो । सो कार्यक्रमको प्रमुख अतिथि समेत रहनु भएका गजुरेलले समारोहलाई सम्बोधन गर्दै संयुक्त राष्ट्र संघको आईएलओ अभिसन्धि धारा १६९ उत्पीडित जाति भाषा पक्षमा भएकोले मनाउन परेको हो भन्नुभयो । उहाँले भन्नुभयो, “कम्युनिस्ट सत्ताले त १९१७ र चीनमा जनवादी गणतन्त्रले सारा उत्पीडित जाति भाषाको तमाम समस्या हल गरिसकेको थियो । आदिवासी जनजातिको समस्या कम्युनिस्ट पार्टीको सत्ता बाहेक अरुले त हलै गर्न सकेन तसर्थ नेपालमा पनि दलाल तथा नोकरशाही सामन्ती संसदीय सत्ता भइञ्जेल बाँकी ८ पेजमा

### अन्य पार्टी परित्याग गरी क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालमा प्रवेश



काठमाडौं । साउन १८ मा अन्य पार्टी परित्याग गरी ३४ जना कार्यकर्ताले क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालमा प्रवेश गरेका छन् । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल जिल्ला कार्यसमिति दाङले आईतबार आयोजना गरेको भ्रष्टाचार विरोधी अभियान अन्तरगतको पत्रकार भेटघाट कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी कार्यकर्ताहरू क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालमा प्रवेश गरेका हुन् ।

सो अवसरमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका चार नम्बर ब्युरो सेक्रेटरी तथा पोलिट व्युरो सदस्य समीर केसीले अहिलेको संसदीय व्यवस्थाको विकल्प नयाँ जनवाद तथा वैज्ञानिक समाजवाद रहेको बताउनु भएको छ । देशमा लामो संघर्ष र बलिदानीबाट नयाँ व्यवस्था स्थापना भएपनि अहिले सिंगो व्यवस्था अरुको कब्जामा पर्दा नेपाली जनताको उत्पीडन अन्त्य हुन बाँकी ७ पेजमा

# ‘दलितको समस्या राष्ट्रिय समस्या हो, संघीय जनगणतन्त्रले मात्रै ती समस्या समाधान गर्छ’




कठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका कार्यवाहक महासचिव सीपी गजुरेल गौरवले दलितका समस्या राष्ट्रिय समस्या भएको भन्दै संघीय जनगणतान्त्रिक व्यवस्थामा मात्रै ती समस्या समाधान हुने बताउनु भएको छ। आज (बुधबार) “उत्पीडित दलित समुदायको न्याय, समानता र अधिकार सुनिश्चित गरौं !, नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवाद स्थापनाको क्रान्तिकारी यात्रामा अघि बढौं” भन्ने मुल नाराका साथ उद्घाटन गरिएको दलित जागरण जनयात्रा अभियानलाई सम्बोधन गर्दै यस्तो बताउनु भएको हो ।

क्रान्तिकारी दलित मुक्ति मोर्चा नेपालले काठमाडौँ महानगरस्थित भुगोल पार्क पिपलवोटमा जागरण जनयात्रा अभियान उद्घाटन गरेको हो । अभियानको उद्घाटन क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका बाँकी ७ पेजमा

# क्रान्तिकारी ट्रेड युनियन महासंघद्वारा ९ नं ब्यूरोमा मजुदर-संवाद अभियान उद्घाटन

काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल निकट क्रान्तिकारी मजुदर समहासंघद्धारा ९ नं ब्यूरोमा ‘मजुदर-संवाद’ अभियान उद्धाटन गरिएको छ । ‘मजदुरहरूको तलब, ज्याला १०० प्रतिशत -वृद्धि गर, मजदुरहरूलाई स्थायी रोजगारी- सुनिश्चित गर, मजदुरहरूलाई सामाजिक सुरक्षा सुनिश्चित गर, अस्थायी, करार, ठेकेदारी, ज्यालादारी प्रणाली- खारेज गर, संगठित हुने, मागहरू राख्ने एवं हड्तालको अधिकार सुनिश्चित गर, हायर एण्ड फायर, नो वर्क नो पे नीति- खारेज गर, मजदुरहरूमाथि भईरहेका शोषण, दमन- बन्द गर, मजदुरहरूलाई राजनीतिक प्रतिनिधित्वको व्यवस्था गर, नयाँ जनवादी समाजवादी क्रान्ति- जिन्दावाद, क्रान्तिकारी ट्रेड युनियन महासंघ नेपाल जिन्दावाद लगायतका नाराहरूसहित अभियानको उद्धाटन गरिएको हो ।




क्रान्तिकारी ट्रेड युनियन महासंघ नेपाल, ९ नम्बर क्षेत्रीय समन्वय समिति (काठमाण्डौं उपत्यका) समितिको आयोजनामा आज विहान काठमाडौंको शान्तिबाटिकामा एक कार्यक्रमका बिच महासंघका केन्द्रीय संयोजक इश्वर तिमिल्सिनाले झन्डा हस्तान्तरण गरेर अभियानको उद्धाटन गर्नुभएको हो ।

महासंघकी क्षेत्रिय संयोजक कमला चन्दको अध्यक्षता, बेदराज दयालको संचालनमा सम्पन्न भएको उद्धाटन कार्यक्रममा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्य श्याम केसीले अभियान सफलताको शुभकामना बाँकी ७ पेजमा


# ‘मिडिया, सामाजिक सञ्जाल र नागरिकको गोपनियता विरोधी विधेयक : ओली देउवा गठबन्धनको फासिवादी कदम’




काठमाडौं । नेपाल सरकारले अर्काको फोन ट्याप गर्ने, एसएमएस हेर्ने, युट्युबका श्रव्य दृश्य सामग्री लगायत सम्पूर्ण सामाजिक सञ्जाललाई नियन्त्रण गर्ने विधेयक संसदमा प्रस्तुत गर्दैछ भन्ने आज प्रकाशित समाचारप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले यसलाई ओली देउवा गठबन्धन सरकारको फासीवादी कदमको रूपमा विरोध गरेको छ ।

पार्टीका कार्यवाहक महासचिव गौरवले जारी गरेको वक्तव्यमा भनिएको छ, “नागरिकको गोपनीयता तथा अभिव्यक्ति स्वतन्त्रता हनन् गर्ने ओली देउवा गठबन्धन सरकारको फासीवादी कदम हो । हाम्रो पार्टी सरकारको यस कदमको घोर विरोध गर्दछ र यस प्रकारको फासीवादी कदमका विरुद्ध आवाज बुलन्द गर्न सम्पूर्ण सञ्चार जगत तथा जनवादी शक्तिहरूप्रति हार्दिक आह्वान गर्दछ ।”

# संसदवादी ब्यवस्था र पार्टीहरूमा देखिएको संकट



● डा. केशव देवकोटा ●

नेपालमा नजानिँदो ढंगले एकातिर बिद्यमान राजनीतिक ब्यवस्थामा संकटहरू बढिरहेका छन्भने अर्कातिर बर्तमान राजनीतिक ब्यवस्थालाई मान्ने दलहरूका बीचमा अन्तर दलीय र आन्तरिक बिवादहरू पनि बढेर गएका छन् । हाल संसदमा रहेका नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र, रास्वपा, राप्रपा, एकीकृत समाजवादी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीसहितका १४ मध्ये सातवटा दलहरू आन्तरिक खिचलोमा फसेको देखिएको छ । जसलेगर्दा संसदवादी दलहरू बर्तमान राजनीतिक ब्यवस्थामा सुधार गर्न/गराउन नसक्ने अवस्थामा पुगेको देखिन्छ । जनस्तरमा बर्तमान राजनीतिक ब्यवस्था जसले ल्यायो, उसैले सिध्यायोभन्ने मूल्यांकन हुनथालेको छ । ०७२ को संविधान घोषणा हुँदानै घोषणा गर्नेहरूले अधुरो र अपुरो रहेको बताएका थिए । जसलाई चार महिना भित्रै पहिलो संशोधन गरेर सुधार्ने प्रयास भएको थियो । त्यसबाट पनि कुनै सुधार भएन । दोश्रो संशोधनमार्फत नेपालको चुच्चे नक्शालाई संविधानमा समाबेश गरियो । जसलाई छिमेकी भारतले तत्कालै प्रतिवाद गरेको थियोभने चीनले हालसम्म पनि आफूले औपचारिक जानकारी नपाएको भन्ने गरेको छ । विश्वका अन्य मुलुकहरूभने ०७२ को संविधानमा भएको दोश्रो संशोधनप्रति बेखबर रहेका छन् । ०८१ असार १७ गते नेकां र एमालेले सातबुँदे सहमतिसहितको सत्ता गठबन्धन बनाउँदा संविधानमा तेश्रो संशोधनगर्ने कुरालाई प्रमुखता दिएका थिए । तर उनीहरूले समेत बर्तमान सरकार गठन भएको १३ महिना ब्यतित हुनलाग्दा पनि संविधान संशोधनको सामान्य प्रक्रियासमेत थाल्नसकेका छैनन् ।

हाल आएर संसदमा रहेका कूल बाँकी २ पेजमा

## सम्पादकीय

# कांग्रेस–एमाले गठबन्धन सरकारको फासिवादी कदम

कांग्रेस एमाले गठबन्धन सरकारले एकपछि अर्को फासिवादी कदम चाल्दै गएको छ । पछिल्लो पटक प्रेस तथा विचार अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लगाउने गरी एकपछि अर्को काला कानूनहरू तर्जुमा गर्न लागिपरेको छ । पछिल्ला दिनमा सरकारले ल्याएको मिडिया काउन्सिल विधेयक, 'राष्ट्रिय गुप्तचर (इन्टेलिजेन्स) तथा अनुसन्धानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक', सामाजिक सञ्जाल अनुगमन विधेयकमार्फत् नागरिकको गोपनियता, सूचना, प्रेस तथा विचार अभिव्यक्ति स्वतन्त्रतामाथि निषेध गर्ने गरी कानून ल्याउने तयारी गरिरहेको छ । सरकारको यस्तो कदमलाई फासिवादी कदम भन्दै क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाललगायतका राजनीतिक पार्टीहरूले वक्तव्य नै निकालेर कडा विरोध समेत गरेका छन् । नेपाल सरकारले अर्काको फोन ट्‌याप गर्ने, एसएमएस हेर्ने, युट्‌युबका श्रव्य दृश्य सामग्री लगायत सम्पूर्ण सामाजिक सञ्जाललाई नियन्त्रण गर्ने विधेयक संसदमा प्रस्तुत गर्दैछ भन्ने प्रकाशित समाचारप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले यसलाई ओली देउवा गठबन्धन सरकारको फासीवादी कदमको रूपमा विरोध गरेको हो । पार्टीका कार्यवाहक महासचिव गौरवले जारी गरेको वक्तव्यमा भनिएको छ, "नागरिकको गोपनीयता तथा अभिव्यक्ति स्वतन्त्रता हनन् गर्ने ओली देउवा गठबन्धन सरकारको फासीवादी कदम हो । हाम्रो पार्टी सरकारको यस कदमको घोर विरोध गर्दछ र यस प्रकारको फासीवादी कदमका विरुद्ध आवाज बुलन्द गर्न सम्पूर्ण सञ्चार जगत तथा जनवादी शक्तिहरूप्रति हार्दिक आह्वान गर्दछ ।"

यो सरकारले उल्टो ११ प्रकारका जघन्य अपराधका लागि आममाफी दिन नमिल्ने कानुनी व्यवस्थालाई हटाएर भ्रष्टाचार र कमिसनलाई वैधानिक बनाउन खोजिरहेको छ ।  यसअघि २०७६ सालमा पनि तत्कालीन सरकारले फोन ट्‌यापिङ गरेर नागरिकमाथि अंकुश लगाउने गरी कानुन बनाउने प्रयास गरेको थियो । त्यसबेला पनि केपी शर्मा ओली नै प्रधानमन्त्री थिए । नागरिकको अधिकार कुण्ठित पार्नेगरी कानुन बनाउन लागेको भनेर चौतर्फी विरोध भएपछि त्यसबेला सरकार पछाडि हटेको थियो । प्रस्तावित विधेयकको दफा १५ मा लेखिएको छ, 'अन्य माध्यमबाट सूचना संकलन गर्न सम्भव नभएमा र त्यस्तो सूचना तत्काल संकलन नगरेमा मुलुकलाई गम्भीर हानिनोक्सानी हुने कुरामा अनुसन्धान महानिरीक्षक विश्वस्त भएमा निजले कुनै संदिग्ध व्यक्ति, संघ, संस्थाबाट सञ्चारमाध्यम वा अन्य माध्यमबाट भएका कुराकानी, श्रव्य, दृश्य वा विद्युतीय संकेत वा विवरणलाई निगरानी वा अनुगमन गर्न वा इन्टरसेप्सन गरी त्यस्तो अभिलेखीकरण गर्न आफ्नो प्रत्यक्ष निगरानीमा मातहतको कुनै अधिकारीलाई लिखित रूपमा आदेश दिन सक्नेछ ।'

नागरिकको गोपनिय अधिकारमाथि समेत नियन्त्रण गर्न खोज्ने भ्रष्ट सरकारले ११ प्रकारका जघन्य अपराधका लागि आममाफी दिन नमिल्ने कानुनी व्यवस्थालाई हटाउने तयारी गरिरहेको छ । विभिन्न ११ प्रकारका जघन्य अपराधका कसुरमा आममाफी दिन नमिल्ने कानुनी व्यवस्थालाई अझै ठोस र कठोर बनाउनुपर्नेमा सरकारले आफ्नो तजबिजी कायम राख्ने गृहकार्य सुरु गरेको छ । फौजदारी कार्यविधि संहिता २०७४ मा आममाफी हुन नसक्ने भनी तोकिएका भ्रष्टाचार, जबर्जस्ती करणी, हत्याजस्ता ११ अपराध कसुरको नकारात्मक सूचीलाई नै हटाएर सरकारले स्वेच्छाचारिता प्रदर्शन गर्दैछ । ११ अपराध कसुरमा भ्रष्टाचार, यातना, जबर्जस्ती करणी, क्रूर तथा अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेको, जाति हत्या, विस्फोटक पदार्थ, अपहरण, शरीर बन्धक वा व्यक्ति बेपत्ता, मानव बेचबिखन तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण र तीन वर्षभन्दा बढी कैद सजाय हुने लागूऔषधको ओसारपसार वा कारोबार पर्छन् । यही ११ वटा सूची हटाउँदै सरकारले चाहेमा अब जुनसुकै अवस्थामा जोसुकैलाई पनि माफी दिन सक्ने गरी विधेयकमा गृहकार्य भइरहेको हो । कांग्रेस एमालेका भ्रष्ट नेता कार्यकर्ताहरूलाई आम माफी दिने र उनीहरूको अपराधलाई चोख्याउन यस्तो गृहकार्य भइरहेको पनि स्रोतको दावी छ । ओली देउवा सरकारको यस्तो फासिवादतर्फको यात्राले उनीहरूको अन्त्यलाई सन्निकट बनाउँदै लैजाने छ र आम जनताको विद्रोहले उनीहरूको लुटको सत्तालाई माटियामेट बनाउने छ ।


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com


# क्रान्तिकारी कम्युनिस्टहरूको एकताको प्रसंग



● बुद्धिराम गैरे 'कौडिन्य' ●

**मार्क्सवाद आफैमा विज्ञान हो । जसले ठोस वस्तुको ठोस विश्लेषण र मूल्यांकन गर्दछ । मार्क्सवाद, लेनिनवाद र माओवाद वा विचारधाराका सिद्धान्तको पथ प्रदर्शन र हसिया हथौडाको रक्तरंजित लाल झण्डा मुनि एउटै डेरा जमाउनको वाधक छ त ? वाधक छ भने आफ्नै मनचिन्ते विचार र व्यक्तिगत स्वार्थ अरू के हुन सक्छ ?**

२००६ सालमा विजारोपरण भै मौलाउँदै आएको नेपालको कम्युनिस्ट पार्टी जनताका हकहित, रोजगार, शिक्षा, स्वास्थ्य र मुक्तिका लागि अगाडि बढ्ने क्रममा अनेकन अप्ठेरा, तमाम घुम्ति, ओराली उकाली पार गर्दै सतिसाल जस्तै ठडिँदै आएको कुरा इतिहास साक्षी छ । पार्टीको इतिहासमा कम्युनिस्ट उन्नयनमा समर्पित भै कस्ले कति योगदान पुऱ्याए वा घात गरे दुवैको मुल्यांकन हुनु पनि उत्तिकै जरूरी छ ।

नेपालको कम्युनिस्ट आन्दोलन सुरुवाती अवस्थादेखि अहिलेसम्म पनि रक्षात्मक अवस्थामै हुनुमा मुख्यतयाः नेतृत्वमा बस्नेहरूको दोहोरो चरित्र वा नेतृत्वको भागदौड वा स्वार्थको तानातान अथवा गैर कम्युनिस्टहरूको पार्टी नेतृत्व वा अदुरदर्शिता नै हो । देशका दुरदराजका वास्तविक कम्युनिस्टहरूको लागि धोका र मार्क्सवाद, लेनिनवाद, माओ–त्सेतुङ विचारधाराप्रतिको वेइमानि हो । कुनै समय संस्थापक पुष्पलाललाई गद्दारीको फेटा गुछाइयो । पछि फेरि सच्चाएर आफ्ना कमजोरी सच्चाउने काम भए गल्ती महशुस गरिए ।

कुनै बेला भारतीय नक्सलवादीहरूको नक्कल गरी झापा विद्रोह गरियो । अर्को तर्फ जनताको बहुदलीय जनवादको नारा र एकिकृत जनक्रान्ति लगात नारा लगाउन कम्युनिस्टहरू पछि नपरेको अवस्था छ । नारालाई व्यवहारमा नउतार्न नसके पछि नारामै सीमित रहने सिवाय अरू विकल्प रहँदैन । यसरी जनतालाई ललिपप बाँडेर कित्ता कित्तामा अंशवण्डा लगाएर जनता बाँड्ने काम कम्युनिस्ट क्रान्तिकारी चरित्र विपरीत हुने हुँदा सच्चा र इमान्दारहरूको अवमूल्यन पनि हो ।

विचारणीय कुरा के पनि छ भने झण्डा उही नाम उही नामका पछाडि अनेकन उपनाम जोडेर फलाना कम्युनिस्टको फलानो नेता वा नेतृत्व आफ्नै हुनु पर्ने यी यावत कुराले पार्टी र क्रान्ति भाँड्ने र जनतामा विभाजन ल्याउने र स–साना कित्तामा कित्ता फोर गरी प्रतिक्रियावाद र दलाल पुँजीवादलाई मलजल गर्ने सीमित स्वार्थका लागि सिद्धान्त र एकीकृत भएको देख्न नसक्नेहरूका कारण कम्युनिस्ट आन्दोलन धरापमा आएको छ । मार्क्सवाद आफैमा विज्ञान हो । जसले ठोस वस्तुको ठोस विश्लेषण र मूल्यांकन गर्दछ । मार्क्सवाद, लेनिनवाद र माओवाद वा विचारधाराका सिद्धान्तको पथ प्रदर्शन र हसिया हथौडाको रक्तरंजित लाल झण्डा मुनि एउटै डेरा जमाउनको वाधक छ त ? वाधक छ भने आफ्नै मनचिन्ते विचार र व्यक्तिगत स्वार्थ अरू के हुन सक्छ ?

जहाँ ६५/७० प्रतिशत जनता कम्युनिस्ट एक आपसमा बाँडिएको अवस्था छ र ३०/३५ प्रतिशतले शासन चलाएको अवस्था छ ।

यो पवित्र हसिया हथौडाको मजदुर किसान मेहनतकशको प्रतिक लाल झण्डा छोपेर गुट उपगुटको नेतृत्व गरिरहेका नव सामन्तहरू र दलाल पुँजीवादका भरौटेका कारण नेपालको कम्युनिस्ट आन्दोलन ओझेलमा परेको सजिलै अडकल गर्न सकिन्छ । आफूलाई आफै समाजवाद उन्मुख व्यवस्थाका पक्षधरता हामी हौं भने तापनि तिनीहरूले झुटको खेती बाहेक अरू हुन सक्दैन भन्ने कुरा प्रमाणित भैसकेको छ ।

सबै झुट हुन भने सच्चा कम्युनिस्ट पार्टी कुन हो त ? यहाँनिर प्रश्न चिन्ह खडा हन्छ । यसैले हामी ठण्डा दिमागले सोच्ने बेला आएको छ । यदि तपाई कम्युनिस्ट हो भने अथवा जाति, जनजाति, दलित, उत्पीडितको उत्थान र मुक्तिमा रमाउनु हुन्छ भने र कुशासन, भ्रष्टचार, अन्याय अत्याचारको विरोध गर्दै सुशासनको प्रत्याभूति जनता माझ देखाउन भित्रै देखि कम्युनिस्ट पार्टीमा लाग्नु भएको हो भने क्रान्तिकारी विचार अँगालेका जति कम्युनिस्ट आवद्ध मै क्रान्तिका लागि हातेमालो गरौं दलाल नोकरशाह प्रवृत्ति छोडी कित्ता कित्तामा विभाजित भएका क्रान्तिकारी एकजुट हुन आवश्यक छ ।

भन्नै पर्ने कुरा के पनि छ भने आफूलाई जति कम्युनिस्ट भनाउन खोजे पनि सामन्ती संस्कार बोकेका नेतृत्वदायी भूमिकामा रहे बसेकाहरू वर्गीय हित र सामाजिक स्वार्थको लागि आएका हैन र तिनीहरू देश जनताका होइनन् । तिनीहरू त विषालु विच्छी नै हुन यिनीहरूबाट जनवाद, समाजवाद, र साम्यवाद आउने कुरा दिवा सपना मात्र हुन्छ । त्यसैले अहिलेको वर्तमान संकट र निकासको लागि क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले तय गरेको क्रान्तिकारी कार्यदिशालाई अपनाउँदै नोकरशाही, दलाल पुँजीपतिलाई पछार्दै निम्नतम कार्यक्रम नौलो जनवाद र समाजवाद हुँदै साम्यवादका लक्ष्य पच्छाउँदै अगाडि बढ्नुको विकल्प छैन ।

जवसम्म समाजमा अन्याय, अत्याचार, भ्रष्टाचार रहिरहन्छ तबसम्म हाम्रा लक्ष्य पूरा हुँदैनन् । भ्रष्टाचारीहरूका दासहरूलाई पाल्न अनावश्यक खोलिएका निकायहरूमा यिनीहरूको वर्चश्व रहि रहन्छ वा अनेकौं सच्चा इमान्दार वास्तविक कम्युनिस्टहरूलाई लिस्नो बनाएर सत्ताको चास्निमा मात्र डुवुल्की मारी रहेकाहरूलाई पाखा लगाउन सकिन्न । त्यसैले टुट फुट हैन एकजुट भएर क्रान्तिकारी विचार, स्पीरिट भएका जुनसुकै तह तप्का र गुट उपगुटमा रहेका र मुक्ति र समाज रूपान्तरणका पक्षधरहरू क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले तय गरेको महान लक्ष्यमा सरिक भै साझा रूपान्तरणको महान् कार्यमा एकाकार भै जुट्नु आवश्यक छ ।

# भारतमा बाढी–पहिरोमा परी मृत्यु, बेपत्ता र घाइते नेपालीहरूको खोजी र क्षतिपूर्तिको माग

काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले भारतमा बाढी - पहिरोमा परी मृत्यु, बेपत्ता र घाइते नेपालीहरूको खोजी, उपचार र क्षतिपूर्तिको माग गरेको छ । २०८२ सावन २४ गते क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका कार्यवाहक महासचिव गौरवले एक प्रेस वक्तव्य प्रकाशित गरी सो माग गर्नु भएको हो । प्रेस वक्तव्यको पूर्ण पाठ यस प्रकार छ -

"भारतको उत्तराखण्ड तथा हिमाचल प्रदेशमा हालैको मुसलधारे वर्षाका कारण आएको बाढी र पहिरोमा परी ठूलो संख्यामा नेपाली श्रमिकहरूको मृत्यु भएको छ। र कैयौं बेपत्ता भएका छन् । यो विपदमा पर्नेहरूमा जाजरकोट हुम्ला र बर्दियाका श्रमिकहरूको संख्या संख्या ठूलो रहेको छ यस दुखद घडीमा हाम्रो पार्टी बाढी पहिरोमा परी मृत्यु हुने नेपाली मजदुरहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै सम्पूर्ण शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ। साथै भारत सरकारसँग कूटनीतिक पहल गरी मृतकका परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था गराउन बेपत्ताहरूको खोजी गरी आवश्यक राहत दिलाउन र घाइतेहरूको निःशुल्क उपचारका लागि बन्दोबस्त मिलाउन नेपाल सरकारसँग जोडदार माग गर्दछ।"

## संसदवादी...

१४ दलमध्ये सातवटा दलमा आन्तरिक कलह बढेको देखिएको छ । जसलेगर्दा उनीहरूले अन्तरदलीय सहमति कायम गरे/गराएर संविधान संशोधन गराउने संभावना पूरै टरेर गएको छ । हाल सरकारको नेतृत्व गरिरहेको एमाले र प्रमुख प्रतिपक्षमा रहेको माओवादी केन्द्रमा देखिएको अन्तरदलीय र आन्तरिक खिचलो उत्कर्षमा पुगेको छ । एमालेमा पूर्वराष्ट्रपति बिद्यादेवी भण्डारी सक्रिय राजनीतिमा फर्कने विषयले जबरजस्त प्रबेश पाएको छ । जसलाई सो पार्टीका अध्यक्ष केपी ओलीले नेतृत्वमाथिको हस्तक्षेपकारूपमा बुझेपछि त्यसलाई दबाउन अनेक प्रयासहरू भैरहेका छन् । जसका लागि विधानमै ब्यापक हेरफेर गर्ने/गराउने प्रयासहरू थालिएका छन् । जसका लागि आगामी भदौ २०–२२ मा दोश्रो विधान महाधिवेशनको आयोजना गरिँदैछ । महाधिवेशनमा प्रस्तुतगर्ने विधान संशोधन प्रस्तावका लागि एमालेले सचिवालय, पोलिटब्युरो र केन्द्रीय कमिटीमा छलफलगरी अन्तिमरूप दिएर सुझावका लागि मातहतका कमिटीमा समेत पठाइसकेको छ । ओलीले तेश्रो कार्यकालमा पनि एमालेको अध्यक्ष रहिरहनका लागि पार्टीको विधानसमेत परिवर्तन गराउन खोज्दा बिद्या भण्डारी पक्षका नेताहरू असन्तुष्ट देखिनुभएको छ । ७० बर्षे उमेर हद र पालिकादेखि केन्द्रीय कमिटीसम्म पदाधिकारीमा एउटै पदमा दुई कार्यकाल बस्ननपाउने व्यवस्था हटाउन खोजिएको छ । सचिवालय, स्थायी कमिटी, केन्द्रीय कमिटीबाट पारित सो विधान अब आगामी २० देखि २३ भदौमा हुने एमालेको विधान महाधिवेशनबाट पारित भएपछि लागूहुने वाला छ । सरकारको नेतृत्व गरिरहेको एमालेभित्र पार्टी नेतृत्व कब्जागर्ने होडबाजीले तरंगित छ । अर्कातिर जबरजस्त एमालेको पार्टी र नेतृत्व हत्याउन प्रयासरत बिद्या भण्डारी समूहले गतसाता काठमाडौंको थापा गाउँमा नयाँ कार्यालय खडा गरेर काम थालेको छ । त्यसैगरी प्रमुख प्रतिपक्षी माओवादी केन्द्रमा पनि आन्तरिक खिचलो बढेर गएको छ । गत १६–२१ को स्थायी समितिको बैठकमा सो पार्टी भित्रको आन्तरिक खिचलो छताछुल्ल भएर बाहिर आएको थियो । जसलेगर्दा सो पार्टीमा पनि तुलनात्मकरूपमा क्रान्तिकारी देखिएकाहरूलाई पार्टीबाट निकाल्ने र अन्य पार्टीबाट नेता तथा कार्यकर्ता भित्र्याउने प्रयासहरू तीब्र भएका छन् । सो पार्टीका उपमहासचिव जनार्दश शर्माले नेतृत्व फेरबदलको बहसको उठान गर्नुभएको छ ।

अर्कातिर माओवादी केन्द्रका अध्यक्ष दाहालले खुलेयाम जनार्दन शर्मालाई पार्टी छाड्न धम्की दिएपछि स्थिति थप चर्किएको छ । माओवादी केन्द्रका नेताहरू भित्रभित्रै पार्टीको नामबाट माओवादी र पार्टीको सिद्धान्तबाट माओवाद हटाएर भएपनि एमालेबाट फुटेर बनेको माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीसँग पार्टी एकतागर्न तयार भएको देखिएको छ । एकीकृत समाजवादीले पनि आफ्नो पार्टीबाट तुलनात्मकरूपमा क्रान्तिकारी देखिएका झलनाथ खनाललगायतलाई निकालेर माओवादी केन्द्रसँग पार्टी एकताको वातावरण बनाउने प्रयास गरेको देखिएको छ । जसका लागि भोली २७ गते सो पार्टीको केन्द्रिय समितिको आकस्मिक बैठक बोलाइएको छ । भारतीय संस्थापन निकट मानिनेहरूले गठन गरेको समाजवादी मोर्चा पनि नेताहरूबीचको बिवादका कारण बैठकसमेत बस्न नसक्ने अस्थामा पुगेको छ । त्यसैगरी संसदको पहिलो पार्टी मानिएको नेपाली कांग्रेसमा पनि आन्तरिक खिचलो बढेर गएको छ । सो पार्टीभित्र आन्तरिक खिचलो बढ्दैजाँदा पार्टी बिभाजनको तहसम्म पुगनसक्ने संकेतहरू पनि देखिनथालेका छन् । यतिबेला कांग्रेस र एमालेसहितका पाँचवटा दलहरूको गठबन्धन सरकार छ । यसअघि सात दलको सरकार रहेकोमा जसपा र नाउपाले सरकारलाई दिएको समर्थन फिर्ता लिइसकेका छन् । एमालेका अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारबाट कांग्रेसका नेताहरूसमेत असन्तुष्ट देखिन थाल्नुभएको छ ।

प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रले गतसाता नेकां र एमाले बाहेकका संसदमा रहेका अन्य दलहरूको संयुक्त बैठकको आयोजना गरेर नेकां र एमालेलाई चुनौतीसमेत दिएको अवस्था छ । कांग्रेसमा संस्थापनइतरका नेता मानिनुहुने डा. शेखर कोइराला सरकारनै हेरफेरगर्ने अभियानमा जुटेको देखिएको छ । जसका लागि उहाँले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र एमालेमा ओलीको बिपक्षमा रहनु भएकी बिद्या भण्डारीसँग समेत छलफल गरिसक्नु भएको छ । नेपाली कांग्रेस बिभाजन नगरी सरकार परिवर्तन गराउन नसकिने भएका कारणले उहाँ अप्ठेरोमा पर्नुभएको देखिएको छ । केपी ओलीपछि नेकांका सभापति देउवा प्रधानमन्त्री हुने प्रतीक्षामा रहनु भएकाले त्यसलाई रोक्ने/रोकाउने डा. कोइरालाको तयारी देखिएको छ । भनिन्छ डा. कोइराला आलोपालो सहमतिको मिति अगावै सत्ता गठबन्धन हेरफेर गर्ने/गराउने कसरतमा रहनुभएको छ । डा. कोइरालाले कांग्रेसको ८८ सिटमध्ये आफूसँग ४४ सिट रहेको दाबीगर्दै आउनु भएको छ । तर नेकांको संसदीय दलमा सहजै बहुमत पुग्नसक्ने अवस्था रहेको छैन । गतसाता भएको नेकांको केन्द्रीय समितिको बैठकमासमेत डा. कोइरालाले नेतृत्वमाथि प्रश्न उठाएर आफ्नो भित्री रणनीतिको संकेत गर्नुभएको थियो । संसदको चौथो पार्टी रास्वपामा पनि नेतृत्वको झगडा भित्रभित्रै अगाडि बढेको देखिएको छ । सो पार्टीका सभापतिमाथि लागेका आरोप र नेतृत्वको अनिश्चिततालेगर्दा सो पार्टीको अस्थित्व आगामी ०८४ को निर्वाचनबाट समाप्त हुने अवस्था सिर्जना भएको छ । त्यसैगरी संसदको पाँचौ पार्टी राप्रपामा पनि अध्यक्ष राजेन्द्र लिङ्देन र महामन्त्री डा. धवलशमशेर राणाका तथा नवराज सुवेदी लगायतका बीचमा खिचातानी बढेर गएको छ ।

राजसंस्था, हिन्दूराष्ट्रको पुनःस्थापना, संघीयताको खारेजीसहितका मागहरू अगाडि सारेर गत महिनाहरूमा आन्दोलनमा उत्रिएको सो पार्टी नेताहरूबीचको खिचलोकै कारण आन्दोलनबाट पछाडि हट्न बाध्य भएको छ । अध्यक्ष लिङ्देन समूहले महामन्त्री राणा समूहका नेताहरूमाथि कारवाहीको डण्डा चलाएपछि सो पार्टी अब बिभाजन हुनुको अर्को बिकल्प देखिएको छैन । यसअघि जनमत पार्टी र नाउपाबीच पार्टी एकताको तयारी भैरहेको बेला दुबै पार्टीमा आन्तरिक खिचलो बढेर गएको छ । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले आर्थिक अपचलनको आरोप लगाउँदै उपाध्यक्ष दीपक साह र कोषाध्यक्ष सुरेन्द्रनारायण यादवलाई कारवाही गरेपछि सो पार्टी पनि बिभाजनको संघारमा पुगेको जानकारहरूको भनाई बाहिर आएको छ । नाउपामा संरक्षक रेशमलाल चौधरी र अध्यक्ष रञ्जिता श्रेष्ठबीचको बिवाद चर्किंदै गएको देखिन्छ । कानूनी झमेलाहरू शुरुभएका छन् । चौधरी र श्रेष्ठ श्रीमान श्रीमती भएपनि उनीहरूको घरझगडा पार्टीभित्र प्रबेश गरेकाले सो पार्टी पनि बिभाजनको संघारमै पुगेको छ । संसदमा रहेका अन्य पार्टीहरूमा पनि आन्तरिक र अन्तर पार्टी झगडा बढेर गएको छ । जसलेगर्दा बिद्यमान राजनीतिक ब्यवस्था थप संकटमा परेको देखिएको छ । संसद बाहिर रहेका क्रान्तिकारी पार्टीहरूले धक्का दिनासाथ नेपालमा फेरी राजनीतिक परिवर्तन हुने देखिएको छ । यो परिवर्तनलाई कुन दिशातर्फ मोढ्नेभन्ने बिषयमा देशभक्त र क्रान्तिकारी शक्तिहरूले सचेतता अपनाउन सक्नुपर्ने भएको छ ।

# सन्दर्भः भ्रष्टाचार विरोधी अभियान



● नरेन्द्रबहादुर थापा ●

हाम्रो देशमा अन्याय, अत्याचार, भ्रष्टाचार ब्याप्तछ। विगतदेखि वर्तमानसम्म, माथिदेखी तलसम्म, सहरदेखि गाउँसम्म, जहाँ तहीँ , जताततै भ्रष्टाचार, तस्करी, घुसखोरीले देश आक्रान्त बनेको छ। विगतदेखि वर्तमानसम्मको भ्रष्टाचारले देश खोक्रो र हरिकङ्गाल बनेको छ। भ्रष्टाचारको बिरोध गर्नु आजको पहिलो आवश्यकता भएको छ। त्यसैले क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले २०८२ साल असार ५ गतेदेखि देशव्यापी रूपमा विभिन्न ढंगले भ्रष्टाचार विरोधी अभियान सञ्चालन गर्दै आएको बताएको छ। यस अभियानमा सहभागी हुन र विभिन्न ढंगबाट यस अभियानलाई सहयोग गर्न पार्टीले सम्पूर्ण न्यायप्रेमी जनसमुदायलाई अपिल समेत गरेको छ।

गत असार ५ गते भ्रष्टाचार विरोधी अभियानको उद्धाटन गर्दै क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका कार्यवाहक महासचिव कामरेड गौरवले उद्धाटन समारोहलाई सम्बोधन गर्दै उक्त कुरा बताउनुभएको थियो। यसैगरी देसभरका १६ वटा ब्यूरो , ७७ वटा जिल्ला लगायत महत्वपूर्ण स्थानहरूमा विभिन्न तहका नेताहरूले पनि उद्धाटन समारोहलाई सम्बोधन गर्दै पर्चा समेत बितरण गरेर उक्त कुराको जानकारी गराउनु भएको थियो । हाल विविध कार्यक्रमका साथ देशै भरी भ्रष्टाचार विरोधी अभियानका कार्यक्रमहरू संचालन भइरहेका छन्।

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका कार्यवाहक महासचिव कामरेड गौरवले यो भ्रस्टाचार विरोधी कार्यक्रमलाई अगाडि बढाउन स्थायी समिति सदस्य कामरेड असीमको संयोजकत्वमा ५ सदस्यीय संघर्ष समिति गठन भएको घोषणा गर्दै यो भ्रस्टाचार विरोधी अभियान एक वर्ष सम्म संचालन हुने कुरा जानकारी गराउँदै यही साउन २० गते प्रकाशित प्रेस विज्ञप्तिमार्फत सार्वजनिक गर्नुभएको छ । यद्यपि अब यो देशमा भ्रष्टाचारको अन्त्य नभएसम्म भ्रस्टाचार विरुद्धको कार्यक्रम निरन्तर जारी रहनु पर्दछ । यसको मतलब हो कि विद्यमान भ्रष्ट , दलाल संसदीय ब्यवस्था रहँदासम्म र जनवादी गणतन्त्रको स्थापना नभएसम्म भ्रष्टाचारको अन्त्य हुँदैन । त्यसैले यो ब्यवस्थाको अन्त्य नहुँदासम्म भ्रस्टाचार विरोधी अभियान जारी रहनु पर्दछ र भ्रस्टाचरीहरूलाई जन अदालतद्वारा जनकारबाही गरिनु पर्दछ । किनभने सरकार स्वयं भ्रष्टाचारमा संलग्न हुने भएकाले भ्रष्टाचारीहरूलाई कारवाही गर्दैन । बरु भ्रष्टाचारीहरूको बचाउ गर्दै सँस्थागत भएको भ्रष्टाचारलाई संरक्षण गर्दछ ।

नेपालको इतिहासको सुरुदेखि हालसम्म धेरै राजनीतिक परिवर्तनहरू भए । राजनीतिक व्यवस्थामा जे, जति र जस्ता परिवर्तनहरू भए तापनि भ्रष्टाचारमा भने कुनै कालखण्डमा पनि केही कमी आउन सकेन । बरु भ्रष्टाचार संस्थागत बन्यो। यस्तो किन भयो ? यो चिन्ताको विषय हो र अहिले यो एउटा अध्ययनको विषय बनेको छ। भ्रष्टाचार विषयको अध्ययनको क्रममा देशमा बिगतदेखि वर्तमानसम्म अनगिन्ती भ्रष्टाचारहरू भएको पाइएको छ । तथापि केही मुख्य मुख्य भ्रष्टाचारका काण्डहरूलाई सूचीकृत गरेर अध्ययन गर्न सहज हुने हुनाले केही मुख्य भ्रष्टाचारका काण्डहरूको मात्र निम्नलिखित सूची प्रस्तुत गरिएको छ ।

*२०४७ साल यताका मुख्य भ्रष्टाचार काण्डहरु*

१) धमिजा काण्ड : बि.सं.२०५० सालमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको पालामा ३९ करोड ५५ लाखको भ्रष्टाचार भएको बताइएकोछ।

२) चेज एयर काण्ड : बि.सं.२०५५ सालमा गिरिजाकै पालामा नौ लाख अमेरिकी डलर हिनामिना गरी भ्रस्टाचार भएको थियो ।

३) चाइना साउथ एयर काण्डः बि.सं.२०५५ सालमा पर्यटन मन्त्री भीम रावलले बिना टेन्डर २२ करोडको सम्झौता गरेका थिए ।

४) लाउडा काण्डः गिरिजा कै पालामा वि.सं.२०५७ सालमा २ अरबको भ्रस्टाचार भयो ।

५) केन्टोनमेन्ट लडाकु घोटाला काण्ड : वि.सं.२०६४- ६९ सम्मा प्रचण्डद्वारा फर्जी लडाकुका नाममा ठूलो घोटाला भयो।

६) सुडान शान्ति सेना उपकरण काण्डः बि.सं.२०६५-२०६७ मा भयो ।

७) पशुपति धर्मशाला काण्ड : बिसं.२०६६ ।

८) गिरिबन्धु टि स्टेट काण्ड बिसं.२०६६ ।

९) एयरबस काण्ड : बि.सं. २०६६ सालमा भयो ।

१०) वाइडबडी जहाज खरिद प्रकरण : बिसं.२०६५-२०६६ मा भयो। वाइड बोडी र न्यारो बोडीको बैना फिर्ता गरी अभियुक्तहरूले सफाई पाएका थिए ।

११) मेलम्ची खानेपानी परियोजना : वि.सं.२०६० -७८ ।

१२) विद्युत प्राधिकरणको खरिद अनियमितता -बि.सं.२०७०।

१३) ५० करोड अडिओ काण्ड बि.सं.२०६७ भदौ १८ गते ।

१४) बाणिज्य बैंक ऋणअनियमितता बि सं २०७० र २०७४ ,

१५) हेलिकप्टर चार्टर घोटाला बि.सं.२०७०-२०७५,

१६) सार्क सम्मेलन भवन निर्माण घोटाला बि.सं.२०७१-७२,

१७) ललिता निवास जग्गा प्रकरण २०७५ देखिअहिलेसम्म । यसमा ललिता निवाससँग सम्बन्धित जग्गा र अन्य सरकारी सम्पत्ति कब्जा गरी बेचबिखन गरी भ्रष्टाचार गरिएको छ। ११२ रोपनी सरकारी जग्गा नक्कली कागजात मार्फत हिनामिना गरी व्यक्तिको नाममा पास गरिएको थियो। तत्कालीन सचिव ,मन्त्री र व्यापारी निकेस संग्रौला , विजय गच्छेदार र प्रदीप ज्ञवाली समेत यस काण्डमा समलग्न भएका थिए ।

१८) कुकुल्यान्ड काण्ड :वि.सं.२०८१ बैशाख ९अप्रेल ,सन् २०२४,

१९) बुढीगण्डकी काण्ड : वि.सं. २०७८ -७९ मा प्रचण्ड , सेरबहादुर र केपी ओलीको सहभागितामा यो काण्ड भयो ।

२०) यति ATR-७२ काण्डः वि.सं.२०७९ माघ १ गते ९१५ जनवरी, सन् २०२३०मा ब्त्छ-७२ विमान दुर्घटनामा ७२ जनाको मृत्यु भएको थियो।

२१) ओमनी काण्डस् विसं २०७६ चैत्र ११ मा केपी ओलीद्वारा यो काण्ड भएको थियो ।

२२) टेरामक्स काण्ड विसं २०७४, असोज ९ अक्टोबर, सन् २०१७ मा ।

२३) ७० करोड काण्ड : वि सं २०७६ फागुन ७ कोभिड महामारीको बेला तत्कालीन प्रधानमन्त्री केपीओली र गोकुल बास्कोटाको मिलेमतोमा यो काण्ड भएको हो।यस काण्डको विरुद्धमा अख्तियारले २०७८ असार ३० मा मुद्दा दायर गरेको हो ।

२४) बतास काण्डः वि सं२०७७-७८,

२५) नक्कली भुटानी शरणार्थी काण्ड : वि स २०७८-२०८० मा यो काण्ड प्रधानमन्त्री सेरबहादुर देउवाको पालामा सुरु भयो । बालकृष्ण खाँण , टोपबहादुर रायमाझी लगायत अन्य कर्मचारीहरू आरोपित भए ।

२६) सुनकाण्ड :३३ किलो सुन काण्ड वि सं २०७५ साल साउन २ गते केपी ओलीको पालामा र १००किलो सुन वि सं २०८० साउन ३ गते प्रचण्डको पालामा भयो।

२७) एनसेल काण्ड : विसं२०८०-२०८१,

२८) काकडभिट्टा : भन्सार घोटाला वि.सं. २०७७-२०७८,

२९) भिजिट भिसा प्रकरण : वि सं २०७९-२०८१,

३०) पार्टी कोष अवैध अनियमितता निरन्तर विशेषगरी वि सं २०८०- २०८२ सम्म भयो ।

३१) घुससहित पक्राउ परेका उच्च कर्मचारीहरू वि सं २०७६ र २०८१० मा ,

३२) राष्ट्रिय चिकित्सा शिक्षा आयोग घोटला : वि सं २०७४ ,

३३) नागरिक लगानी कोष र वाणिज्य बैंक ऋण अनियमितता : वि सं २०७० र २०७४ ,

३४) अरुण ३ प्रकरण : वि सं २०७५ पौष १२,

३५) पानी टङ्की मुनि काण्ड : वि सं२०७९र८०,

३६) भिउटावर काण्ड : वि सं २०८०- ८१

३७) सांसद अपहरण : विक्रम सम्बत २०७७,

३८) कुहिएको विमान खरिद प्रकरण विसं२०७४ -७५ ,

३९) नागरिकता काण्डर नकली प्रमाणपत्र काण्ड २०७८- ७९,

४०)अख्तियारकै पूर्वप्रमुख लोकमानसिंह कार्कीको विवाद २८,जुलाई ,२०२५०,

४२)मन्त्री राजकुमार गुप्ताको ७८ लाख घुस डिल अडियो प्रकरण २०८२ असार ३० गते ।

यहाँ उल्लेखित भ्रष्टाचार काण्डहरू मध्ये समयले साथ दिएसम्म प्रत्येक काण्डहरूको बारेमा अलगअलग विस्तृत वर्णन गर्न प्रयत्न गरिनेछ। तर अब यहाँ अहिले व्यापक चर्चामा आएका भ्रस्टाचार काण्डहरू मध्येको एउटा काण्ड भिजिट भिसा प्रकरणको बारेमा चर्चा गरिएको छ ।

**भिजिट भिसा प्रकरण**

भिजिट भिसा प्रकरण हाल नेपालमा देखिएको एउटा अवाञ्छित तथा अनियमित प्रकरण हो । अहिले नेपालमा यो निकै चासोको र चर्चाको विषयको रूपमा रहेको एक गम्भीर समस्या बनेको छ । भिजिट भिसाको नाममा ठूलो मात्रामा आप्रवासनको दुरूपयोग भएको छ । मानव तस्करी भएको छ। यो प्रकरणमा दलाली गर्ने दलाल र नोकरशाहीहरूको प्रत्यक्ष वा परोक्ष संलग्नता देखिएको छ। यस्तो राष्ट्रघाती प्रकरणमा सरकारका जिम्मेवार मन्त्रीहरू र उच्च पदस्थ कर्मचारीहरू समेत संलग्न रहेका छन्। यसको नेतृत्व नेपाल सरकारले गरेको छ र भ्रष्टाचारलाई प्रोत्साहित गर्दै संरक्षण गरेको स्पष्ट रूपमा देखिएको छ । सरकारका गृहमन्त्री रमेश लेखक यस प्रकरणको विवादमा मुछिएका छन् । चालु संसद अधिवेशनमा गृहमन्त्रीको राजीनामा माग गर्दै महिनौदेखि संसद अवरुद्ध हुँदै आएको छ। तर गृहमन्त्रीले राजीनामा दिँदैनन्। उनले राजीनामा दिन खोजे पनि प्रधानमन्त्री केपी ओली र शेरबहादुर देउवाले उनको बचाउ गर्दछन्। त्यसैले यो कुरा स्पष्ट छ कि यो भ्रष्टाचारको नेतृत्व सरकारले नै गरेको छ। सबै भ्रष्टाचारीहरूको संरक्षण गर्ने जिम्मा पनि सरकारले नै लिएको छ। किनकि कैयौं प्रमाणिक भ्रष्टाचारलाई सरकारले संरक्षण गरेको देखिएको छ। कमिसनका लागि शिक्षा , स्वास्थ्य तथा राष्ट्रिय उद्योगहरूलाई निजीकरण गरी दलालहरूलाई पोस्ने काम भइरहेको छ। त्यसैले यहाँ यो प्रतीत हुन्छ कि सिंहदरबार नै भ्रष्टाचारको अखाडा बनेको छ। यस्तो अवस्थामा भ्रष्टाचार विरोधी अभियान संचालन गर्नु अत्यन्त सकारात्मक र समय सान्दर्भिक कुरा भएको छ ।

**के हो भिजिट भिसा प्रकरण ?**

भिजिट भिसा मूलतस् कुनै देशको भ्रमणको लागि दिइने एउटा छोटो अवधिको पर्यटन भिसा ( प्रवेश अनुमति पत्र ) हो। यो छोटो अवधिको भिसा पर्यटन प्रयोजनका लागि , पारिवारिक भेटघाट वा व्यावसायिक कारणले छोटो समयको लगि दिइन्छ । तर हाम्रो देश नेपालमा यस प्रकारको भिसालाई खाडी मुलुकहरू साउदी अरब , दुवई , कुवेत, कतार ,ओमन ,साइप्रस जस्ता आदि मुलुकहरूमा गैरकानुनी रूपमा श्रम आपूर्ति गर्न प्रयोग गरिँदै आएको छ । नेपालमा यो भिजिट भिसा प्रकरण वि.सं.०७९ देखि खुल्न आएको भएपनि भर्खर केही महिना अगाडिदेखि यसको विरोधले तिब्रता पाएको छ। यो प्रत्यक्ष रूपले भइरहेको मानव तस्करी हो र भिजिट भिसाको दुरूपयोग हो । यस प्रकरणमा प्रमुख तथ्यहरू निम्नानुसार रहेका छन् ।

***१) यस प्रकरणमा भिजिट भिसाको बहानामा नेपाली महिलाहरूलाई खाडी मुलुकमा बेचिन्छ ।***

- यसरी बेचिएकाहरूलाई पछि भिसाको अवधि समाप्त भएपछि पनि लुकिछिपी घरेलु श्रमिक , नर्सिङ सहायक वा होटल स्टाफको रूपमा काम गर्न वाद्य पारिन्छ ।

***२) सरकारी प्रतिबन्धलाई चुनौतीस्***

- कतिपय देशहरूमा घरेलु कामदार पठाउन नेपाल सरकारले प्रतिबन्ध लगाएको जस्तो गरेको छ। तैपनि भिजिट भिसाको गेटवे प्रयोग गरी त्यस्तो प्रतिबन्धित रोजगारमा सरकारका मन्त्री र कर्मचारीद्वारा नै पठाउने गरिएको छ ।

***३) मिलेमतो र दलाल सञ्जाल***

- यस प्रकरणमा सरकारी कर्मचारी , वैदेशिक रोजगार बोर्डका अधिकारी , ट्राभल एजेन्सी ,दलाल र केही मन्त्रीहरूकै समलग्नता रहेको देखिन्छ ।

- यसमा नागरिक उड्यान अध्यागमन तथा वैदेशिक रोजगार विभागका कर्मचारीहरूद्वारा उपलब्ध भिजिट भिसामा पुनःपुष्टि नहुने गरी कागज मिलाउने सुबिधा समेत दिएका हुन्छन् ।

***४) यस प्रकरणमा मुछिएका केही व्यक्ति तथा आरोपीहरू***

- यस प्रकरणमा राजनीतिक व्यक्ति , प्रशासनिक कर्मचारी र मेनपावर कम्पनी मिलेर संलग्न रहेको देखिएको छ।

केही पूर्व मन्त्रीहरू र सचिवहरूको नाम पनि जोडिएको छ। जसमा गृहमन्त्रालयका कर्मचारीहरू, पारस्पारिक सहयोग भएका दूतावासका कर्मचारी र पार्टीका कार्यकर्ताहरू समेत मुच्छिएका छन्।

***५) भिजिट भिसा घटनाक्रम***

वि.सं. २०७९ र ८० तिर पहिलोपटक भिजिट भिसाको दुरूपयोगको तथ्य सतहमा छताछुल्ल भएर आउन थाल्यो।

वि.सं.२०८१ मा गृह मन्त्रालयले अनुसन्धान सुरु गरेको बहाना गऱ्यो ।

२०८१ असारमा पत्रकारले क्याम्बोडिया, दुवाई लगायतका देशहरूमा फसेका नेपालीहरूको विवरण सार्वजनिक गरिदिए ।

२०८१र८२ मा दर्जनौ मानिसहरू पक्राउ पर्नुको साथै घटना अनुसन्धान गर्दा घटनामा संलग्न देखिएका अधिकारीहरू निलम्बनमा पनि परे।

*६)* अहिलेको सरकारी कदम : गृह मन्त्रालयले उच्चस्तरीय छानबिन समिति गठन गरेको बताएको छ । न्यायिक आयोग, संसदीय समिति र कूटनीतिक माध्यमबाट उद्धार प्रयास गरिएको र भिजिट भिसाको नियम कडा बनाइएको बताइएकोछ। अब दूतावासको सिफारिस र प्रमाणीकरण अनिवार्य गरिएको बताइएकोछ। मानव तस्करी अन्तरगत मुद्दा दायर गरिँदैछ भनिएको छ । मुद्दा गरी दोषी ठहर गरेर कसैलाई सानो कारबाही गरेजस्तो देखाउन पनि सकिन्छ । तर यो सबै वास्तविक नभएर नागरिकलाई भ्रम पार्न बनाइएको जाल हो ।

***७) समस्या किन भयो***

सरकारद्वारा नियम कमजोर बनाउँदै लगियो। सरकार नै मेनपावर कम्पनीसँगको मिलोमतोमा सम्लग्न भएर काम गर्न थाल्यो । रोजगारीका कारण विदेश जाने चाप बढेर गयो। दूतावासहरूमा पनि निगरानी गरेजस्तो गर्ने , तर काम नगर्ने प्रवृत्तिको विकास भयो । सरकारले तस्करहरूलाई कारवाही गर्नुको साटो संरक्षण गर्न थाल्यो । यी यावत कारणले गर्दा समस्या भयो ।

***८) नतिजा र प्रभाव***

भिजिट भिसा बारेको नतिजा र प्रभवको कुरा गर्दा सयौं नेपालीहरू विदेशमा फसेका छन् । कतिपयको मृत्यु भइसकेको छ। यो विषयमा नेपाल सरकार र संसदीय व्यवस्थाको प्रतिष्ठामा आँच आएको छ। सरकार भ्रष्ट , दलाल र तस्करहरूको संरक्षण गर्ने र स्वयं तिनीहरूको कार्यमा नेतृत्व गर्दै संलग्न हुने गरेको छ। वैदेशिक रोजगारप्रति जनताको भरोसा घटेको छायी याबत कारणहरूले गर्दा यो ब्यवस्थाका सरकारहरू मात्र होइन । यो भ्रष्ट ,दलाल ,नोकरशाही संसदीय ब्यवस्था नै असफल भएको छ र अफाप सिद्ध भैसकेको प्रमाणित भएको छ ।

**भिजिट भिसा प्रकरणमा देखाइएका दोषीहरु**

काठमाडौ जिल्ला अदालतले त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलमा सेटिङ मिलाएर विदेश पठाउने आरोपमा तीनजना बिचौलियालाई दोषी ठहर गरेको देखाएको छ। उनीहरू हुन गिता शाह ,अरुण दहाल र सरोज कुमार यादव । गिता शाहलाई ३ महिनाको मात्र जेल सजाय र रु २० हजार मात्र जरिवाना तोकिएको छ । रु ८०० पीडित राहत कोषमा जम्मा गरी ऊनी वि.सं.२०८० साल माघ २३ गते धरौटीमा रिहा भएकी छिन् ।अरुण दहाललाई करीब ६ महिना मात्र हिरासतमा राखेपछि २० हजार मात्र जरिवाना तोकियो । सरोजकुमार यादव रु ९३०० जरिवाना र रु ५०० पीडित राहत कोष बुझाएर ४ महिनामै थुनुवा मुक्त भए । यसरी दोषीहरूलाई कारबाही गर्ने बहानामा मानव तस्कर जस्तो अपराधीहरूलाई यति सजिलै उन्मुक्ति दिनु भनेको प्रष्ट रूपले उनीहरूको बचाउ र संरक्षण गर्ने सरकारको नीति नै हो भन्न सकिन्छ। दोषीलाई यस्तो कारबाहीको बहाना गर्नु जनतामा भ्रम छर्नु मात्र हो।

उल्लेखित यी तीन जना बिचौलियाहरू किर्ते कागजात , नक्कली प्रहरी रिपोर्ट र श्रम स्वीकृति जारी गर्ने अभियोगको मुद्दामा दोषी ठहराइएका हुन् ।

**पक्राउ परेका अध्यागमन अधिकृतहरु**

वि.सं.२०८२ ज्येष्ठ ७ सन् (२०२५-५-२१) मा पूर्व प्रमुख अनुसन्धान अधिकृत तीर्थराज भट्टराई , ट्राफिक अन्तर्गतका प्रमुख सचीवलाई मानव तस्करी गिरोहमा समलग्न भएको आरोपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग (सि आई .ए.ए.) द्वारा पक्राउ गरी हिरासतमा राखिएको थियो । हाल हाजिरी जमानीमा अनुसन्धान प्रक्रियामा भएको बताइएको छ । यो पनि बनावटी र देखावटी नाटक मात्र हो। यसअघि सन २०२३ नोभेम्बर १२ मा अध्यागमन अधिकृत नरवीर खड्का पनि भिजिट भिसाको गिरोहमा समलग्न भएको आरोपमा पक्राउ परेका थिए ।

प्रारम्भिक अनुसन्धान र प्रहरी कारवाहीमा कुल ९ जना अध्यागमन अधिकृतहरू थिए । पर्याप्त प्रमाणको अभाव देखाएर अदालतले सबैको सफाइ दिएको जनाएको छ । उनिहरू थिए नरवीर खड्का ,ताराबहादुर कुवर , कुशल बराल ,शैलेन्द्र ढकाल , बिमल पौडेल ,बिस्नु अर्याल , बिकास डंगोल ,पितम्बर रिमाल र सूजन फागोली । अब हेर्नुस् यसरी यो व्यवस्थामा सरकारका तिनै अङ्ग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका मिलेर कसरी दोषीहरूलाई उन्मुक्ति दिँदा रहेछन् भन्ने कुरा स्पष्ट भएको छ ।

**उच्चअधिकारीहरुको भूमिका**

गृहमन्त्रालय सचिवालय र कर्मचारीहरू, गृहसचिव गोकर्ण मणि दुवाडी, गृहमन्त्री रमेश लेखक र गृहमन्त्रालय सम्बन्धित कतिपय अधिकारीहरू यस भिजिट भिसा प्रकरणमा संलग्न रहेको कुरा अ.दु.अ.आ.(सि आई .ए.ए.) को अनुसन्धानको सिलसिलाबाट संकेत मिल्दछ ।

गृहमन्त्री रमेश लेखक माथि संसदमा राजिनामा गर्न समेत दवाव परेको कुरा र उनको बचाउ गरेको कुरा पहिले नै उल्लेख गरिसकिएको छ । यद्यपि कानुनी रूपमा दोषी प्रमाणित नहुँदासम्म उनी निर्दोष मानिएका छन् । उनलाई निर्दोष साबित गर्न सरकारको बल भुताले भ्याएसम्म प्रयत्न पनि भइरहेको छ । यो ब्यवस्थामा सरकारको काम यही र यस्तै प्रकारका हुन्छन् ।

२०४७ पहिले पनि यस्ता कैयौं भ्रस्टाचार काण्डहरू हुने गर्दथे । तत्कालीन समयमा छानबिन गर्ने निकाय कमजोर थियो । प्रेस स्वतन्त्रता थिएन । बोल्ने , लेख्ने र संगठन गर्ने अधिकार पनि थिएन ।उत्तरदायित्वको अभाव थियो । त्यसैले जति पनि भ्रस्टाचार सजिलै ढाकछोप हुने गर्दथे । तथापि वि।सं।२००७ साल देखि २०४६ सम्मका केही चर्चित प्रतिनिधि मुलक भ्रष्टाचार काण्डहरू निम्नानुसार उल्लेख गरिएको छ।

**२००७ सालदेखि २०४६ सम्मका चर्चित भ्रष्टाचारहरु**

१)त्रिभुवन राजपथ निर्माण काण्डः वि.सं.२००८ -२०१२ : भारतको सहयोगमा नेपालको पहिलो सडक बन्यो। यो सडक निर्माण गर्दा लागत ठेक्का र व्यवस्थापनमा व्यापक भ्रष्टाचार भयो। जसमा नातावाद र कमिसन प्रथा बढेर गएको थियो ।

२) भण्टा भ्याट तेल काण्ड वि.सं.२०२५-२०३० : यस काण्डमा भारतबाट आयात इन्धनको मूल्य मात्रा र भण्डारण खर्चमा भ्रष्टाचार भयो । नेपाल आयल निगम नै भ्रष्टाचारमा मुछिएको थियो।

३)बाँसवारी भ्रस्टाचार काण्ड विक्रम सम्बत२०४३ र २०४८ सालमा भएको थियो ।

४)नेपाल वायुसेवा निगम काण्डमा उडान तालिका, टिकट व्यवस्थापन र विमान मर्मतमा भ्रष्टाचार भएको थियो । राजनीतिक पहुँचका आधारमा रोजगारी दिइने गरिएको थियो ।

५)भौतिक पूर्वाधार ठेक्का काण्ड : यस काण्डमा पुल, सडक निर्माणका योजनामा बजेट दुरूपयोग, नक्कली बिल, अधुरा प्रोजेक्टहरू ,पन्चेहरूले आफ्ना समर्थकलाई मात्र ठेक्का दिने र घुस लिने काम गरेका थिए ।

६) आपूर्ति तथा खाद्य व्यवस्थामा खाद्यान्य आयात, अनुदान वितरण, गोदाम भाडा जस्ता कुराहरूमा व्यापक भ्रष्टाचार भएको थियो। खाद्य संस्थानको गोदाम र भण्डारणमा कालोबजारी थियो।

७) शैक्षिक संस्था दर्ता र अनुदानमा हिनामिना : यस प्रकरणमा विद्यालय , महाविद्यालय खोल्न राजनीतिक पहुँच र सरकारी अनुदानमा बिना योग्यताको सिफारिस मार्फत नियुक्ति गरी भ्रष्टाचार गरिन्थ्यो।

८) नातावाद कृपावाद र पदपूर्तिमा नातावाद, कृपावाद र पदपूर्ति योग्यताभन्दा पहुँच प्रधान थियो ।

९)बाँडफाँड र सहुलियत ऋण भ्रष्टाचारमा भुई मान्छेको सट्टा पहुँच र पावरवाला मान्छेले मात्र यो सुविधा लिने गर्दथे ।

उल्लेखित यी भ्रष्टाचार काण्डहरू पहुँच र नातावाद कृपावादको आधारमा घुसखोरी ,मनपरी , तस्करी,कमिसनखोरी आदिमा राजनैतिक संरक्षण हुने , छानबिन नहुने र ढाकछोप हुने परम्परा थियो, जुन अहिलेसम्म कायमै रहेको छ।

२००७ सालभन्दा पहिले पनि यसरी नै भ्रष्टाचारका काण्डहरू हुने गर्दथे । तर सञ्चारको अभावले गर्दा त्यतिबेलाका भ्रष्टाचार काण्डहरू साधारण जनतालाई थाहा हुँदैनथ्यो।

अहिलेसम्मका यी सबै भ्रष्टाचारका काण्डहरूबाट यो स्पष्ट हुन्छ कि प्रतिक्रियावादी भ्रष्ट , दलाल नोकरशाही संसदीय व्यवस्था र बुर्जुवा गणतन्त्र भनेकै भ्रष्टाचारी, घुस्याहा र शोषक वर्गको हित गर्ने व्यवस्था हो। त्यसकारण यो व्यवस्था सञ्चालन गर्ने सरकारले भ्रष्टाचारलाई निर्मूल गर्दैन । बरु भ्रष्टाचारलाई संस्थागत गरेर यसको संरक्षण गर्दछ। जनताको भ्रष्टाचार विरुद्धको आन्दोलनले न्यूनीकरण त गर्ला। तर भ्रष्टाचारको अन्त्य गर्न सक्दैन। त्यसैले देशलाई सधैँका लागि भ्रष्टाचारबाट मुक्त गर्न हामीले नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर जनगणतन्त्रको खुड्किलो पार गरी वैज्ञानिक समाजवादको स्थापना गर्नु आजको अनिवार्य आवश्यकता हो। यसको लागि सबै प्रगतिशिल , देशभक्त, जनतान्त्रिक , वामपन्थी र क्रान्तिकारी शक्तिहरू एकजुट हुन अनिवार्य आवश्यकता भएको छ । सबैले मनन गरौं, एकजुट बनौँ ,भ्रष्टाचारको अन्त्य गरौं र नयाँ जनवादी क्रान्ति सम्पन्न गरौं। वैज्ञानिक समाजवादको बाटोमा अगाडि बढौं । धन्यवाद ।

*मिति : २०८२ साउन २२ गते*

# गलत सिद्धान्तको गन्तव्य नै हुँदैन



● नारायण प्रसाद भण्डारी ●

**वास्तवमा ती महान् दार्शनिक मार्क्सको जन्म नभएको भए आजको संसारसम्म आइपुग्दा हजारौं हिटलरहरुको जन्म भैरहन्थ्यो होला ?विश्व साम्राज्यवादले ठूला ठूला आतंकको घेराबन्दी गरेपनि मालेमावादका अनुयायी र अध्यताहरू अहिले पनि संसारमा अरबौको संख्यामा मार्क्सवादी सिद्धान्तमै अडिग छन् । अझै पनि विश्वका ठूला ४ वटा देशहरुले समाजवाद बचाउन सफल छन् । मार्क्सवादका सच्चा इमान्दार अध्यता का माओसम्म आइपुग्दा विश्वका सयौं दलाल पुर्जीवादीहरुको दिमाग मात्र चर्काएन तिनीहरुका हजारौं चियान पनि खनिए । दर्जनौं देशमा समाजवाद लागु भएको थियो । सयौं देशका गरिखाने वर्गले त्यही मार्क्सवादी दर्शनको हतियारको बलमा सानदार सफलता हाँसिल गरेका थिए ।**

संसारका कुनै पनि सजिव वस्तुको जन्म हुन्छ । अन्त्य पनि अनिवार्य हुन्छ । यो प्रकृतिको नियम हो । यो प्रक्रियालाई आध्यात्मवादीले दैव या परमेश्वरको लिला भन्दै ज्युँदो छँदा गर्नुपर्ने कर्तव्य भन्दा मृत्यु संस्कारमा ठूलो महिमा गर्छन् तर यही घटनालाई भौतिकवादीहरूले प्रकृतिको (नेस्ट टु नेस्ट) निरन्तर परिवर्तन भैरहने मार्क्सवादको मान्यता अनुसार जैविक पतनको रूपमा लिन्छन । मानव जाति र अन्य सजिव वस्तुको जन्म मृत्यु एउटै प्रकारको भएपनि मानिस भएर जन्म लिएपछि बाँचुन्जेलसम्म गर्नुपर्ने क्रियाकलापहरूमा धेरै कुराको फरक छ किनभने प्रकृतिले मानव जातिलाई बुद्धिमान, शक्तिशाली र क्षमता भएको उच्च प्राणीको स्थानमा मान्यता दिएको छ । यो कुनै भ्रम होइन वास्तविक हो । यदि मानव जातिमा जीवन र जगतलाई बुझ्न र बदल्न सक्ने क्षमता हुँदैन्थ्यो भने संसार आजको अवस्थामा आउन सक्ने नै थिएन होला ? त्यसकारण मानिसको क्षमता अकल्पनीय छ । आजको समय २१ औं शताब्दिको वैज्ञानिक युग हो ।

मानिस आजको अवस्थासम्म आइपुग्दा कति चरण पार गर्दै आयो ? कुन अवस्थाबाट यहाँसम्म आयो ? यति ठूलो परिवर्तन ल्याउनमा मानिस कसरी सफल भयो ? हामीले पनि खोज अनुसन्धान गर्नु हाम्रो कर्तव्य हो । यो संसारमा प्रकृतिले कहिले काँही संयोगले मात्र एउटा त्यस्तो अलौकिक शक्तिशाली मान्छेको जन्म गराउँछ इतिहासको कालखण्डमा कतिबेला कुन शक्तिको आवश्यक्ता पर्छ । त्यो समयमा त्यस्तै प्रकारका शक्तिशाली मान्छेको जन्म भएको पाइन्छ । उदाहरणको लागि यो संसारमा एउटा समयमा निरङ्कुश जहाँनीया भूमण्डलीकृत, दलाल पुँजीवाद र साम्राज्यवादी शासनको तीब्ररूपमा विकास हुँदै थियो । मान्छेले मान्छेमाथि गरिएका दानव एवं दास प्रवृत्तिले सिमा नाघ्दै जाँदाको कारण समाजमा गरिखाने, गरिव, निमुखाहरूको लागि स्वतन्त्रता त टाढाको कल्पना बाहिर थियो । सजिलोसँग बाँच्न समेत मानवताको अधिकारबाट बन्चित थिए । ठीक त्यही समय आज भन्दा २०७ वर्ष अगाडि सन् १८१८ -५० मै को दिन जर्मनको राइन प्रान्त दक्षिण प्रसियाको ट्रियर नामक शहरमा एउटा अलौकिक क्षमताले भरिपूर्ण भएको शक्तिशाली बालकको जन्म हुन्छ । सायद ती महान् दार्शनिक एवं वैज्ञानिक गरिव किसान, मजदुर, सर्वहारावर्ग, रगत, पसिना खर्चेर ज्युँनेहरूका लागि जीवनदाता हुन भन्ने कही कतैबाट त्यस्ता दानव प्रवृत्तिका मानवको रूप मात्र धारण गरेकाहरूले थाहा पाउन सकेको भए । ती महामानवको जन्म पनि असम्भव हुन्थ्यो होला रु जन्मे पनि शिशुमै हत्या भैसक्थ्यो होला ? संसारकै प्रथम महान् दार्शनिक एवं वैज्ञानिकको बाल्यकालले ती समाजका कलकं दानवको चियान खन्नका लागि तीव्ररूपमा दिन गन्दै थिए । उनको शिक्षा दिक्षाको लागि माता पिताले कुनै कमि हुन नदिने गरी व्यवस्थापन गर्दै गए । संयोग उनको अक्सिजन रुपि विश्वकै एक महान् लाखौं मध्यकी एक मात्र क्षमता युक्त नारी जेनीसँगको मिलन हुनु पनि विश्व कम्युनिस्ट आन्दोलन एवं सर्वहारा वर्गको लागि संयोग थियो । उनीहरू अलौकिक क्षमताका दुई वैज्ञानिक पात्रहरूको विद्यालयमा शिक्षा आर्जनकै समयबाटै जीवनमा नङ मासु जस्तै अलग रहन नसक्ने गरिको सम्बन्ध बढदै गयो । बालकका अभिभावकको इच्छा, चाहना आफु भन्दा सक्षम, दक्ष बनाउने सपना हुँदा हुँदै पनि उनीहरूको लक्ष्यमा फरक पर्न गयो । ती महान् बालकको लक्ष्यमा संसारका पीडित उत्पीडित गरिखाने सर्वहारा वर्गको मुक्तिको बाटो रोजाइमा पऱ्यो र त्यही यात्रामा अघि बढदै गए । जसको नाम लिंदा पनि मन मस्तिस्क अन्तरआत्माबाटै शक्तिशाली उर्जा पैदा भएको अनुभूति हुन्छ । ती महान पुरुष कार्लमार्क्स थिए । उनको क्षमताको बारेमा जो कोहीलाई काल्पनिक हुन सक्छ ? उनीभित्र भएको राजनैतिक, वैचारिक, शैद्धान्तिक एवं दर्शनको विषयमा आफना निकट सहयात्री मित्र एंगेल्सको सहयोगमा ३० वर्षको सानै उमेरमा तयार पारेको संसारकै मार्गदर्शक कम्युनिस्ट घोषणा पत्रले अहिले पनि संसार हल्लाएको छ । त्यसबाट वास्तविक अध्यता बनेर शिक्षा आर्जन गरेर उनको सिद्धान्तको मार्गमा हिंडन सक्नेले जीवन र जगतलाई बुझ्न बदल्न सके तिनीहरू मात्र मार्क्सवादका सच्चा अनुयायी एवं अध्यता बने र सफफताको शिखर चुम्नमा सफल भए । ती द्वय महान वैज्ञानिक एवं दार्शनिकहरू लेनिन र माओ थिए । उनीहरूले आम शोषित पीडित उत्पीडित वर्गीय मुक्तिको लागि ठूला ठूला वर्गबैरीका घेराहरू सजिलै तोडेर मुक्ति पनि दिलाए । खुशीको जीवन ज्युँन सिकाए । आजको २१औं शताब्दिसम्म पनि मार्क्सवादी दर्शन सबैको लागि मार्गदर्शककै मूल्य मान्यतामा छ तर जस्ले मार्क्सवादको खोल ओढेर १)छल २) कपट ३)स्वार्थ ४)बेइमानी ५)दलाल ६)विचौलिया ७)भ्रस्टाचार ८)फुटाउ ९)कमाउ १०)मोज मस्तिको गलत सिद्धान्तको बाटो अँगालेर संसारको फेरि अर्को कुबेर बन्ने सपना बोकेर हिँडे अन्ततः तिनीहरू गन्तव्यविहिन बन्दै दलाल पुँजीवाद, साम्राज्यवादका निकट मतियार बन्दै उनीहरूकै इशारामा दलाल संसदवादको रसपानमा डुबेर देश र जनतालाई धोका दिए । ती दलालहरूको आशा, भरोसा, विस्वाशको भ्रममा परेर जीवनको बलिदानी गर्ने राष्ट्रका वीर योद्धाहरूको रगत र पसिना सबै खेर गयो । आज उनी र उनका परिवारको जीवन कुइरोको काग जस्तै गन्तब्यविहिन बन्यो । बाँच्ने आधार समेत सम्पूर्ण गुम्दै गयो ती मार्क्सवादको खोल ओढेका मौसम अनुसारको रङ बदल्नेहरूको कारण देश नै पुनः सामन्तवाद र साम्रज्यवादको घेराबन्दीमा परी राष्ट्र नै नरहने होकी भन्ने खतरा बढदै छ ।

वास्तवमा ती महान् दार्शनिक मार्क्सको जन्म नभएको भए आजको संसारसम्म आइपुग्दा हजारौं हिटलरहरूको जन्म भैरहन्थ्यो होला ?विश्व साम्राज्यवादले ठूला ठूला आतंकको घेराबन्दी गरेपनि मालेमावादका अनुयायी र अध्यताहरू अहिले पनि संसारमा अरबौको संख्यामा मार्क्सवादी सिद्धान्तमै अडिग छन् । अझै पनि विश्वका ठूला ४ वटा देशहरूले समाजवाद बचाउन सफल छन् । मार्क्सवादका सच्चा इमान्दार अध्यता का माओसम्म आइपुग्दा विश्वका सयौं दलाल पुर्जीवादीहरूको दिमाग मात्र चर्काएन तिनीहरूका हजारौं चियान पनि खनिए । दर्जनौं देशमा समाजवाद लागु भएको थियो । सयौं देशका गरिखाने वर्गले त्यही मार्क्सवादी दर्शनको हतियारको बलमा सानदार सफलता हाँसिल गरेका थिए । उक्त सिद्धान्तको हतियार सहि तरिकाले प्रयोग गर्नेहरू वर्गबैरी सँग नत झुक्न जान्यो न त हार्न जान्यो । सिद्धान्तमा अडिग क्रान्तिकारीहरू आआफनो सिद्धान्तमा नडगमगाएर युद्धमैदानमा यद्यपि रगतको खोलो बगाइरहेका छन् । आफनो मातृभूमिको रक्षाका लागि जीवन आहुति गर्नेको असख्य संख्या पुग्दासम्म झुकेका छैनन । विश्व साम्राज्यवाद दलाल पुर्जीवाद विस्तारवाद नवफासीवाद, नवउदारवादले घेरावन्दी गर्दै तेस्रो विश्वयुद्धको तैयारी तीब्र पार्दै लगेको छ । वामपन्थी नामका झोलेहरू उनैका बलिया हतियार कठपुतली बनेर आधारभूत वर्गमाथि झुट र लुटको आतकं मच्चाउँदै गणतन्त्रको धज्जी उडाएर लुटतन्त्र मच्चाइरहेका छन् ।

यस्तै विभिन्न प्रकारका आतंक, अराजक, अपराध, भ्रष्टाचार, महगीं, मानवतस्करी मिटरब्याज लगाएतको घेराबन्दीबाट हाम्रो देश नेपाल पनि अछुतो रहन सकेन । अहिले नेपाल र नेपालीको राम्रो सुखद पक्ष भनेको शून्य छ । क.गाउँवस्ती युवाविनाको सुनसान छ । ख.बालीजन्य भूमिहरू प्लटिङ हुँदै भूमाफियाले तस्कर गरिरहेका छन्। ग.पुरखाले आर्जेका भूमिमा खर्सु, घयरु, अजमरी झार, उत्पादन हुन नदिने गाउँ समाजले नामाकरण गरेको माओवादी झारले पुरै ढाकेको छ । घ.पुर्खाहरूले बिताएका ती पुराना स्वास्थ्यबर्द्धक घरहरू धमिराको आहारा बनेका छन् । ङ.पुर्खाहरूले खाने अटमेटिक प्रशोधित मूलबाट बगेका झरनाहरू आफैमा अलपत्र छन् ।च. विचौलियाहरूले वन जगंल सखाप पारेर उजाड बनाएपछि बन्य जीववन्तु गाउँ वस्तीमा पसेर आतंक मच्चाइरहेका छन् । छ.देशको कुनै पनि क्षेत्रमा भ्रष्टाचारले सिमा नाघ्दै गयो । १. समाज बैमनुष्यता २.तिक्तता ३.गुट ४.फुट ५.भ्रष्ट ६.कमीसन ७.उत्पादन विहिन ८.मानब बेचविखन तस्करी ९.ठगि १०.महगीं ११.हत्या १२.हिम्सा १३. बलत्कार १४. चोरी १५. डकैति १५.लुटपाट लगाएतका अपराध जन्य चपेटाको दलदलमा फसेको छ । सिद्धान्तबाट चिप्लिइएकाहरू पछिल्लो चरणमा विगतमा जनतालाई दिएको धोकाको कारण अहिले जनताविनाका नेताको मात्र गुट उपगुटका पार्टीका नाम मात्र छोपेर परिवारले समेत साथ नदिए पछि पश्चाताप गर्दै गोहिको आँशु बगाउँदै छन् । विचार, सिद्धान्त सबै तिलान्जली दिएर जेल जानबाट बच्नका लागि विपक्षमा रहेर पनि कुनै विरोधका स्वरहरू नउठाउने गरि मुखमा चुकुल ठोकेर नतमस्तक भै बसेका छन् । जनताका आखाँमा छारो हाल्न फेरि पनि उनै भ्रमको खेती छर्दै ०८४ को मिसन भन्दै सपनाका तानाबाना बुन्दै छटपटाहटमा निद हरामको लुतो कनाउँदै रात गुजार्न बाध्य छन् ।


***यस्तो दर्दनाक अवस्था देश र जनताले किन व्योर्होनु पऱ्यो ? वास्तविक कारण के ?***

१. प्रमुख कारण जुन लक्ष्य उद्देश्य र सपना लिएर द्वन्द्वात्मक भौतिकवादी सिद्धान्त विचार एवं मार्क्सवादको गहिरो अध्ययन गरेर पार्टीको आवश्यकतामा जीवन वलिदानी गर्ने अठोटका साथ वीर योद्धाहरू पंक्तिबद्ध भए । पार्टी नेतृत्वको पनि उत्तिकै भर विश्वास आशा अपेक्षा गरे तर नेतृत्वले बाहिर देखाउने र भित्रीरूपको दोहोरो द्वन्द्ववादी अवसरवादी योजनामा भ्रम पार्दै लगेर अन्तिममा क्रान्ति सम्पन्न हुन थालेकै अवस्थामा दलाल पुर्जीवादको कठपुतली बनेर धोका दिदै गए । त्यसपछि पार्टी क्रान्ति ध्वस्त बन्न पुग्यो । पार्टीमा हुने प्रशिक्षण प्रतिबद्धता सबै नाटकीय रूपमा सन्चालन भएको प्रमाणित भयो । वास्तवमा मुखमा मार्क्सवाद मनमनमा दलाल पुँजीवादको मतियार दलाल संसदिय व्यवस्थाको रसपानमा पौडी खेल्ने विना सिद्धान्तको नाम भने महान कामभने अवसरवादीहरूको जत्था जस्तो बनाइयो । २. दुखको कुरा भन्नै पर्ने जस्तासुकै कोरा भाषण क्रान्तिकारिता देखाए पनि लक्ष्य उद्देश्य भनेकै जुझारु अर्थवादमै गएर सबै ध्वस्त भए अलि अलि भएको छवि, विचार सिद्धान्त सबैबाट स्खलन हुँदै गए । जस्को कारण साम्राज्यवाद लगायतका वर्गवैरीको आतंक बढदै गयो । अब सानो शक्तिले दुश्मनको पराजय हुन सक्दैन ।

यदि सच्चा इमान्दार क्रान्तिकारीहरूले समयमै बुझ्न सकिएन भने देशको भविष्य खतरनाक अवस्थामा जानेछ । विना राजनैतिक वैचारिक सैद्धान्तिक, मार्क्सवादी दर्शन, लेनिनवादी संगठनहरूको पद्धतिनै नभएकाहरूको गन्तब्य हुँदैन । उनीहरूको अबको अवस्था भनेको अन्तमा मात्र लफ्फाजी भित्रको दक्षीणपंथी संशोधनवादीहरूको हुल मात्र रहने निश्चित छ । यस्तै भविष्य देखेर क्रान्तिप्रति नेतृत्वको पनि इच्छा शक्ति हराउँदै गएको महसुस गर्दै त्यहाँ भित्र रहेका सही र इमान्दार क्रान्तिकारी नेतृत्व जसले त्यहाँसम्म पुराउनमा ठूलो योगदानगरेका थिए । त्यस्ता क्रान्तिकारी मार्क्सवादका सहि अध्यता दृढ सिद्धान्तका सतिशाल विचारमा अडिग व्यक्तित्वहरू त्यो हुलबाट अलग भएर क्रान्तिलाइ बचाउँदै ल्याएको इतिहासले प्रमाणित गरेको यद्यपि देख्न पाइन्छ । हाल क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको नामाकरण गरेर क्रान्तिकारीहरूको ध्रुवीकरण गर्दै सफलताका साथ अघि बढेको छ । यही मार्गबाटै निश्चित रूपमा सर्वप्रथम जनवादी क्रान्तिको खुटकिलो पार गर्दै वैज्ञानिक समाजवाद हुँदै अन्तिम साम्यवादको गन्तव्यमा पुगिने छ । धन्यवाद !

# गाउँले काकाको दबाबमा मद्रासतिर लागें

**जतिबेला मेरो साथमा टुकटुके वार्लेसफोन थियो । सुचना पाउनासाथ मैले अध्यक्षलाई सूचना दिएर प्रहरी प्रशासनमा जाउँ भनेर भन्दा उहाँले त्यस्ता घटनामा जानु हुँदैन हामी । आफैलाई खतरा हुन्छ भन्नुभयो । पछि उहाँ आउनुभयो र हामी दुइजना भएर कमिस्नर कार्यालयमा गयौं । सुरूमा त डिउटिमा बसेको प्रहरी हबल्दारले हामीलाई समेत गिरफ्तार गर्ने धम्कीपूर्ण भाषा प्रयोग गऱ्यो ।**



● ज्योतिनारायण शर्मा ●

मेरो जन्म २०१७ साल भाद्र १९ गते बाग्लुङ जिल्लाको तात्कालीन जैदि गाउँपन्चायत वडा नं. ७ र हालको जैमिनि नगरपालिका वडा नं ५ मा बुवा खगेश्वर उपाध्याय र आमा पूर्णकलाको कोखबाट भएको हो । ५ दिदी बहिनी र ४ भाइ छोराहरू मध्ये म साहिलो हो । म एउटा ब्राह्मण परिवारमा जन्मिएको र मेरो खानदान प्राय : हिन्दु सँस्कार र धर्मसंस्कारद्वारा प्रेरित भएको हुनाले म पनि त्यसबाट अछुत रहने कुरै भएन जसको परिणाम बाल्यकालदेखि २०/२२ वर्षको उमेरसम्म म पनि त्यही सेरोफेरोमा रहे । जतिबेलासम्म गाउँमा स्कुलहरू पनि थिएन र हाम्रो समाजले स्कूल जानुपर्दछ भन्ने मान्यता पनि राख्दैनथ्यो । २०३३/०३४ सालतिर गाउँमा हाईस्कुल खुल्यो । प्रायः मेरा साथीहरू स्कुल जान थाले जसले गर्दा मलाइ पनि स्कुल जाने रहर जाग्यो र परिवारसँग स्कुलमा भर्ना हुने सल्लाह मागे । सल्लाह मिलेन पछि स्वतस्फूर्त स्कुलमा गएर स्कुल प्रशासनसँग सल्लाह गर्दा सुरु मै कक्षा ८ मा भर्ना गर्ने आश्वासन पाए पछि भर्ना भएँ । बुवाआमा दाजुहरूको सल्लाह विपरीत भर्ना भएर करिव ९ महिना के भएको थियो, पारिवारिक दबावले सिमा नाघ्यो जसको कारण स्कुल छाड्न बाध्य भएँ ।

अध्ययनबाट विमुख हुनुपर्दाको पीडाकै कारण २०३६ सालको जनमतसंग्रह लगत्तै अव घरमा बसेर अध्ययन गर्ने अवसर नमिलेपछि बनारसमा गएर अध्ययन गर्छु भन्ने सोचका साथ म भारत पसे । गोरखपुर रेल्वे स्टेसनमा रेलको प्रतिक्षामा बसिरहेको अवस्थामा एकजना गाउँकै काका उहाँले दक्षिण भारतमा सरकारी काम गर्नुहुन्थ्यो । बिदामा घरमा आएर वापस जाँदै गर्दा उहाँसँग जम्काभेट भयो । काका भतिजाको छोटो भलाकुसारीकै सन्दर्भमा उहाँले पढाइ त्यसै हुदैन पैसा चाहिन्छ । तँ सँग पैसा पनि छैन । बरु हिंड मद्रास जाउँ नोकरी लगाइदिन्छु । पढ्ने भए पैसा कमाएर पढ्लास् भन्ने दबावमुलक सुझाव दिनुभयो त्यसपछि उहाँकै साथमा मद्रासतर्फ प्रस्थान गरें ।

मद्रास गएपछि पैसाको समस्या, भाषाको समस्या, नोकरीको समस्या, कोठाका समस्या आदिको सामना गर्दै करिब दुइ वर्षको अवधि घुमफिरमै बित्यो । २०३८ को आषाढतिर दक्षिण भारतको चेन्नै आएपछि एउटा कम्पनीमा जागिर मिल्यो त्यसैमा गुजरा चलाएको थिएँ । सायद सेप्टेम्बर १४ ई.वि. १९८२ का दिन एकजना खाकिको जाँगे लगाएका दायाँ काँधमा मैलोमैलो झोला बोकेका र अर्का मैले चिनेकै बाग्लुङ पैयुका मेघराज आचार्य मैले काम गर्ने कार्यालयमा आउनु भयो । केही समयको भलाकुसारीपछि अर्को एकजना साथी चाहिं दलबहादुर खड्का हुनु हुदो रहेछ । साथीहरूको स्वागतमा मैले दुइजनालाई चिया मगाएँ । हामीले चिया पिउँदा पिउँदै अर्का एकजना साथी पनि आइपुग्नु भयो । उहाँसँग पनि परिचय गरें । उहाँ प्यूठानको शिवबहादुर केसी हुनु हुदो रहेछ । सबै जनाले चियापान गरिसकेपछि शिवबहादुर केसीले एकता समाजको बारेमा छोटो चर्चा गर्नुका साथै मलाइ पनि सदस्यता लिन आग्रह गर्नुभयो । जतिबेला मलाई प्रवासमा एकता समाज छ भन्ने मात्र थाहा थियो । कहाँ कुन सहरमा कसले नेतृत्व गरेको छ र त्यसको लक्ष्य, उद्देश्य के हो भन्नेबारे जानकारी नै थिएन । अर्कोतिर म अफिसको काममा व्यस्त नै थिएँ । उहाँहरू पनि अलि आत्तिएको आभास पाएँ । अनि आफै प्रश्न गरें सदस्यता लिनको लागि के गर्नुपर्छ भनेपछि दलबहादुर खड्काले भन्नुभयो -एकता समाजको विधान छ त्यसलाई मान्नुपर्छ र एक रुपियाँ तिरेपछि सदस्यता बन्न सकिन्छ भन्नुभयो । अनि मैले सदस्यता लिन स्वीकारें । त्यसपछि एकता समाजको सम्पर्कलाई निरन्तरता दिंदै आएँ ।

मेरो विवाह २०३८ साल फाल्गुण २२ गते हालको बाग्लुङ जैमिनि नगरपालिका वडा नं ९ पैयु लाम्सु लक्ष्मिकान्त पौडेलकी माइली छोरीसँग भएको हो । मेरा दुई सन्तान छन् एक छोरा र एक छोरी ।करिब ४/५ वर्षको भारतको बसाइपछि २०४१ सालमा म नेपाल आएको थिएँ । जतिबेला पंचायती कालरात्रीको दवदवा थियो । राजनीतिक रूपमा कथित बहुदल र निर्दल भन्ने नाम सुनिए पनि गाउँघरमा विद्यार्थी आन्दोलनको भूमिका धेरैमाथि थियो । २०४२ सालमा हाल जैमिनि ४ सर्कुवाको माविमा स्थानीय मण्डलेहरूले नेविसंघका विद्यार्थीहरूलाई उक्साएर अखिलका विद्यार्थीमाथि सुनियोजित तरिकाले आक्रमण गरेर अंगभंग गराउने काम गरे । जसको विरुद्ध विद्यार्थीलाई साथमा लिएर बागलुङ सिडियो कार्यालयमा जाँदा पीडित विद्यार्थीलाई न्याय देलाभन्दा यिनीहरूका हातखुट्टा भाच्नुपर्थ्यो भनेर सि.डि.ओ.ले भनेको सुने । सिडियोजस्तो जिल्लाकै उच्चपदमा रहेको अधिकार सम्पन्न व्यक्तिको अभिव्यक्तिले मलाई पंचायत विरोधी आन्दोलनमा लाग्न प्रेरित गऱ्यो ।

भारतमा लामो समय मैले युवक मोर्चाको जिम्मेवारीमा रहेर काम गरैं । युवक मोर्चाको विघटनपछि एकता समाजका नगर, क्षेत्र, केन्द्र लगायत सबै क्षेत्रमा काम गर्ने अवसर पाएँ । प्रवासी नेपालीहरूको बीचमा काम गर्ने क्रममा कतिपय घटनाहरू बिर्सन नसकिने खालका पनि छन् । उदाहरणको लागि ई.सं २००९ को हो चेन्नैको सौकरपेटको एउटा मन्दिरमा डोटी जिल्लाको एक जना भाइले लामो समयदेखि काम गर्दथे २००९ अगस्त महिनाको १३ गतेको घटना हो । सबैको नाम आएन जुन नेपालीले त्यहाँ काम गर्दथ्यो । उसले आफ्नै नाता पर्ने गाउँकै एकजनाको साथ लिएर मन्दिरको पुजारीको हत्या गरेर मन्दिरमा रहेको १४ किलो सुन र २२ किलो चाँदी लाखौं नगदी लिएर राति नै फरार भएछ । जुन घटना भोलिपल्ट मन्दिर खोल्ने बेला जानकारीमा आएपछि मन्दिर प्रशासनले प्रहरीमा उजुर दायर गराएछ । त्यसपछि त्यसक्षेत्रमा रहेका आम नेपालीहरूलाई प्रशासनले जहाँ भेट्यो । त्यही गिरफ्तार गर्ने अभियान चलाएछ । करिब १२०० जना नेपालीहरूलाई प्रहरी कस्टडिमा राखेर यातना दिएको जानकारी भोलिपल्ट १४ गते मात्र थाहा भयो । जतिबेला म नगरसमितिको सचिव थिएँ भने प्यूठानको माधव आचार्य नगरसमितिको अध्यक्ष हुनुहुन्थ्यो । जतिबेला मेरो साथमा टुकटुके वार्लेसफोन थियो । सुचना पाउनासाथ मैले अध्यक्षलाई सूचना दिएर प्रहरी प्रशासनमा जाउँ भनेर भन्दा उहाँले त्यस्ता घटनामा जानु हुँदैन हामी । आफैलाई खतरा हुन्छ भन्नुभयो । पछि उहाँ आउनुभयो र हामी दुइजना भएर कमिस्नर

*बाँकी ८ पेजमा*

# को हुन् कार्ल मार्क्स, के हो मार्क्सवाद ?

कार्ल मार्क्स ५ मे, १८१८ मा ट्रियर सहरमा जन्मिएका थिए। त्यो सहर सन् १७९४ देखि १८१४ सम्म फ्रान्सेली प्रशासनको अधीनस्थ थियो र त्यसबेलासम्म पनि १७८९ मा भएको फ्रान्सेली राज्य क्रान्तिको सम्झना बलियो थियो। मार्क्स त्यो समयमा जन्मिएका थिए जुनबेला सारा युरोपमा नयाँ खालको जागरण आइरहेको थियो। बेलायतमा सम्पन्न पहिलो औद्योगिक क्रान्तिको विस्तार पश्चिम युरोप हुँदै पूर्वी युरोपतिर फैलिरहेको थियो। बेलायत, स्पेन, फ्रान्स, पोर्चुगल आदि आफ्ना-आफ्ना साम्राज्यहरू विस्तार गर्न जोरसोरले लागिपरेका थिए र एकअर्कासँग प्रतिस्पर्धा गरिरहेका थिए।

पर्याप्त मात्रामा उत्पादन गर्ने र बेच्ने अनि नाफा आर्जन गर्ने धन्दा चलिरहेको थियो। यो कमाउधन्दा बढिरहँदा फ्रान्सेली क्रान्तिताका लागेका नारा 'मुक्त', 'समानता' र 'ऐक्यबद्धता' क्रमशः ओझेलमा पर्दै गइरहेका थिए। कृषिबाट उद्योगमा रूपान्तरण गर्ने प्रक्रिया तीव्र हुँदै जाँदा बहुसंख्यक मानिसको जीवन कठिन बन्दै गएको थियो। त्यो विषम परिस्थितिले मार्क्सलाई आमूल परिवर्तनकारी लोकतान्त्रिक व्यवस्था हुँदै साम्यवादतर्फ आकर्षित हुने वातावरण बन्यो।

मार्क्स राम्रै आर्थिक अवस्था भएको यहुदी परिवारमा जन्मिएका थिए। उनका पिताजी वकिल थिए। उनी स्थानीय तहको शिक्षा सकेपछि सर्वप्रथम बोन विश्वविद्यालयमा कानुनको विद्यार्थी बने, त्यसपछि सांस्कृतिक केन्द्रका रूपमा रहेको बर्लिन विश्वविद्यालय गएपछि दार्शनिक जर्ग विल्हिम फ्रेडरिक हेगलका युवा अनुयायीहरूको संगतमा परेपछि इतिहास र दर्शन पढे।

सन् १८४२ मा ब्रुनो बुयरसँग मिलेर 'रेन्चे जाइतुङ' नामक पत्रिका निकाले। पत्रिकामा किसानमाथि गरिएको विभेदविरूद्ध लेखिएपछि सरकारले प्रतिबन्ध लगायो र उनलाई देश निकाला गरियो। त्यसपछि उनले राजनीतिक अर्थशास्त्र पढ्न थाले। खासगरी फ्रेडरिक एंगेल्स लिखित तथा जर्मन-फ्रेन्च एनल्समा प्रकाशित 'आउटलाइन्स अफ द क्रिटिक अफ पोलिटिकल इकोनोमी' पढे। त्यो एनल्समा मार्क्सका दुई निबन्ध छापिएका थिए।

पहिलो 'कन्ट्रिब्युसन टु दी क्रिटिक अफ हेगल्स फिलोसोफी अफ ल' र 'अन दी जिउइस क्वेस्चन'। सन् १८४४ मा मार्क्स र एंगेल्सले १० दिनसंगै बसेर ब्रुनो बुयरको 'सेपरेसन अफ फिलोसोफिकल क्रिटिक' को विपक्षमा 'दी होली फामेली' लेखे। त्यहीँदेखि दुईजनाबीच जीवनपर्यन्त सहकार्य सुरु भयो।

पर्सियन सरकार (हालको जर्मन) सरकारले बबाब दिएपछि मार्क्सलाई पेरिस बस्न पनि प्रतिबन्ध लाग्यो र उनी ब्रसेल्समा पुगे। त्यही वर्ष एंगेल्सको 'कन्डिसन्स अफ दी वर्किङ क्लास इन इंग्लैन्ड' छापियो जुन बृहत अध्ययन तथा वस्तुगत अनुसन्धानका आधारमा आधारित थियो। त्यसपछि एंगेल्ससँगै मार्क्स इंग्लेन्ड पुगे र राजनीतिक अर्थशास्त्र, इंग्लिस समाजवाद पढ्न थाले, श्रमजीवि संगठनका नेताकार्यकर्तासंग उठबस गर्न थाले। दुईजना मिलेर १८४५ मै 'जर्मन आइडोलोजी' नामक पुस्तक लेखे, तर त्यो पुस्तक भने १९३२ मा मात्र प्रकाशित भयो।

१८४८ मा प्रुधाँको आलोचना गर्दै लेखिएको पुस्तक 'दी पोभर्टी अफ फिलोसोफी' प्रकशित भयो। ब्रसेल्समा बस्दा मार्क्स संगठन निर्माणको काममा पनि संलग्न भए। त्यही विचार आदानप्रदानका लागि आदा अन्तराष्ट्रिय सञ्जाल निर्माण गरे। त्यही सञ्जाल पछि गएर श्रमजीवी जनताको पहिलो अन्तर्राष्ट्रिय आन्दोलनका रूपमा स्थापित भयो। ९ जुन अफ १८४७ मा पहिलो सम्मेलन गरेर 'वर्किङ म्यान आफ दी अल कन्ट्रिज युनाइट' घोषणा गरियो। त्यही वर्ष गरिएको दोस्रो सम्मेलनले मार्क्स र एंगेल्सलाई राजनीतिक तथा सैद्धान्तिक कार्यक्रम तयार पार्ने जिम्मा दियो। उनीहरूले सन् १८४८ मा कम्युनिस्ट पार्टीको घोषणापत्र तयार पारे।

घोषणापत्र प्रकाशित भएपछि युरोपमा ठूलो हल्लीखल्ली हुन पुग्यो। ब्रसेल्सबाट निस्कासनमा परेपछि मार्क्स पुनः पेरिस फर्किए। त्यसपछि कोलोन पुगे। त्यहाँ उनले 'क्लास स्ट्रगल इन फ्रान्स', 'दी एटिन्थ ब्रुमेअर अफ लुइ बोनापार्ट', 'रिभ्योलुसन एण्ड काउन्टर रिभ्योलुसन इन फ्रान्स' लेखे। जर्मनी र फ्रान्सबाट पुनः लखेटिएपछि १८४९ मा लन्डनमा बस्न थाले र जीवनभर त्यहीं रहे।

***इतिहास र सिद्धान्त***


मार्क्सवाद अन्य सैद्धान्तिक अवधारणाभन्दा ऐतिहासिक उत्खननका कारण भिन्न छ। जसलाई हामी मार्क्सवाद भन्छौं, त्यो कल्पनामा होइन, ऐतिहासिक सत्यतथ्यमा आधारित छ। मार्क्स भन्छन्, "मान्छेले आफनो इतिहास आफै बनाउँछ कसैलाई खुसी पार्न कसैले पनि इतिहास बनाउँदैन ( हेर्नुहोस्, 'दी एटिन्थ ब्रुमेएर अफ लुई बोनापार्ट' को पहिलो अध्याय ) त्यो 'इतिहास बर्गीय शोषण कुन चरणबाट गुज्रिने छ भन्ने कुरामा भर पर्छ। साधारणतया 'उत्पादन पद्धति ', आर्थिक शक्ति र सम्बन्ध तथा उनीहरूबीचको अन्तरविरोध आदिले निर्माण गर्ने बर्ग र समाजमा कसको कस्तो निर्णायक भूमिका रहन्छ भन्ने निर्धारण गर्छ। ऐतिहासिक निर्धारण आर्थिक तथा प्राविधिक बिषयले ऐतिहासिक रूपान्तरण गर्नमा तिनको भूमिका , राजनीतिले निर्धारण गर्ने आर्थिक नीति र संस्थागत परिचालनले शोषणका ऐतिहासिकता कस्तो भन्ने तय गर्छ। इतिहासका सबै मोडहरूलाई हेरेर नै मार्क्स र, एंगेल्सले कम्युनिस्ट घोषणापत्रमा ' अहिले अस्तित्वमा रहेको समाज इतिहासमा भएका अनेक वर्गसंघर्षको उपज भने।

यो वाक्यले नै मार्क्सले खिचेको क्रान्तिकारी राजनीतिक कार्यक्रमको बिचारको खाका प्रस्तुत हुन्छ। यही सोचले श्रमजीवी मानिसहरूको आत्म स्वाभिमान जगाउने संघर्ष मात्र होइन, सबै प्रकारका शोषण र उत्पीडनबाट मुक्त हुनका लागि संघर्ष गर्न उक्साउँछ। पूंजीवादी आर्थिक तथा सामाजिक विकासमा उत्पादन सम्बन्ध र उत्पादन प्रकृयाको ऐतिहासिकताका आधारमा समाजलाई हेर्ने बुझ्ने क्रममा मार्क्सले शास्त्रीय अर्थशास्त्रको चिरफार गरे। त्यो चिरफार र आलोचनाको ऐतिहासिक विवेचनाको सैद्धान्तिक जग मार्क्सकै ' ग्रुन्डरिसे ' मा उल्लेख गरिएको पाइन्छ, जो सन् १९७० को दशकममा मात्र अंग्रेजीमा प्रकाशित भयो। मार्क्सले एउटा बुद्धिजीवीले गर्ने विश्व व्यवस्थाको ऐतिहासिकताको व्याख्या मात्र पस्किएनन् यसलाई कसरी बदल्न सकिन्छ भन्ने कुरामा आफ्नो ध्यान बढी केन्द्रित गरे।

बुर्जुवा क्रान्तिका पक्षधरले यो ऐतिहासिकताका आधारमा हेर्ने दृष्टिकोणको ठूलो विरोध गरेका छन्। उत्पादनका साधनमाथिको स्वामित्व र उत्पादन प्रक्रिया तथा उत्पादन सम्बन्धको आधारको समाजको व्याख्याको विकल्पमा म्याक्स वैबरले ' पुंजीवादी समाज र त्यसका क्रियाकलाप बुझ्न सीमान्त उपयोगिताको सिद्धान्त'लाई प्रारम्भिक औजारका रूपमा प्रयोग गरे। बर्गको व्याख्यालाई उनले राजनीतिक मुद्दाबाट बिशुद्ध 'आर्थिक श्रेणी'मा ओराले। अहिलेसम्मका पूंजीवादी समाजशास्त्रीहरू वैबरकै धरातलमा उभिएर मार्क्सवादको विरोध गर्ने गर्छन्।

मार्क्सको 'हिस्टोरिकल म्याटेरियालिज्म ' मार्क्सवाद मान्ने र नमान्ने दुवैथरी गम्भीर अध्येयताहरूले राम्ररी बुझेका छन् र समर्थन र विरोधमा व्याख्या पस्किएका छन्। जस्तो लेनिन, रोजा, ग्राम्सी र चे ग्वेभारा आदि तीमध्ये प्रमुख हुन्। तर, कतिपय व्याख्या अधुरा र अपुरा रहेका भनाइहरू पनि आइरहेका छन्। क्यापिटलको पहिलो भोलुम छापिएपछि मार्क्सको देहान्त हुन पुग्यो। उनका नोटबुक र तत्काल उपलब्ध सामग्रीका आधारमा एंगेल्सले ' क्यापिटल ' को भाग २ र ३ प्रकाशमा ल्याए।यतिबेलासम्म पूंजीका ६ वटा भाग खासगरी जमिन ( ल्यान्डेड प्रोपर्टी, ज्यालादारी मजदुरी, बैदेशिक व्यापार, विश्व बजार र संकटमा आधारित ६ भाग प्रकाशित छन्।

पछिल्लो एक दशकयता मार्क्स - एंगेल्स संकलनमाला ( मेगा ) ' गठन गरेर सबै सामग्री खोज्दा राजनीतिक अर्थशास्त्रका १५ वटा भोलुम तयार हुने कुरा प्रकाशमा आएको छ। मेगाले विश्व इतिहासको क्रोनोलोजी मात्रै १५ सय पृष्ठ भेटिएको जनाइएको त्यतिबेलाका मार्क्सका साथीभाइ इष्टमित्र र सामग्रीको तीव्रतासाथ खोजी भइरहेको छ। झन्डै २ सयको हाराहारीमा रहेका डायरी जुन समाज विज्ञान, इतिहास मानवशास्त्र, प्रकृति विज्ञान र म्याथम्याटिक्ससँग जोडिएका भेटिएको दाबी गरिएको छ। यिनले विगतमा अधुराअपुरा रहेका कृति पुरा गर्न, कम व्याख्या



भएका र अस्पष्टतालाई प्रस्ट बनाउन र व्यवस्थित गर्न सजिलो हुने जनाइएको छ। (हेर्नुहोस्, जोन वेलामी फोस्टरद्वारा लिखित 'मार्क्स ओपेन इन्डिड क्रिटिक' मन्थ्ली रिभ्यू, १ मे २०१८) यसको अर्थ मार्क्सवाद अपूरो थियो, अब पूरा हुने भन्ने अर्थ कदापि होइन। मार्क्सले आफ्नो जमानाको आर्थिक सामाजिक धरातलमा उभिएर गरेका खोज तथा अनुसन्धानले उनका त्यसवेला गरेका तर्कहरूलाई पुष्टि गर्न थप मद्दत पुग्नेछ।

***मार्क्सवादीमा आएको उतार चढाव***

मार्क्सवाद ऐतिहासिक वर्ग संघर्षलाई अध्ययन गर्ने विधि हो। विज्ञानप्रविधिको विकासले ल्याउने परिवर्तन अकों अर्थमा हरेक औद्योगिक क्रान्तिले ल्याउने परिवर्तन, हरेक परिवर्तनभित्र विकसित हुने कामदार शक्ति कसरी निर्माण हुन्छ, त्यो कामदार शक्ति कसरी प्रशिक्षित हुन्छ र कस्ता वाहक वा सङ्गठकले तिनलाई डोर्याउँछन् भन्ने कुराले कस्तो वर्ग बन्छ र कस्तो संघर्ष हुन्छ वा हुने सम्भावना रहन्छ भन्ने निर्धारण गर्छ। आर्थिक - सामाजिक परिस्थिति, श्रमजीवि शक्तिको प्रशिक्षण, राज्यको नीतिले निर्धारण गर्ने वर्ग संघर्ष र क्रान्तिपछिको रूपान्तरण प्रक्रिया यो अध्ययनसँग जोडिने महत्त्वपूर्ण कडी हुन्। त्यसैले सिद्धान्ततः मार्क्सवाद वादविवाद वा बहस ( डाइलेक्टिक), भौतिकवाद (म्याटेरियालिज्म), र इतिहास ( हिस्ट्री )को सम्मिश्रण हो। त्यसैले ठीकठीक विश्लेषण गर्न र एक्सनमा उत्रन त्यति सजिलो छैन। त्यसैले मार्क्सको एउटा प्रसिद्ध भनाइ छ, 'विज्ञानसम्म पुग्न बनिबनाउ राजमार्ग हुँदैन'।

'मार्क्सवाद, बाइबल, कुरान, वा गीता होइन, जसलाई कण्ठस्थ गरेर कथित ' मुक्ति प्राप्त होस्। आजसम्म जेजति समाजवादी क्रान्ति सम्पन्न भए मार्क्सवादी विधिअनुरूप आफ्नो वर्गसंघर्षको इतिहास, तत्कालीन समाजको आर्थिक सामाजिक संरचना, तत्कालीन राज्यको प्रकृति र प्रवृत्ति, समाजमा विद्यमान वर्गसंघर्ष आदिलाई गहिरोसँग केलाएर बहुमत मानिसलाई संगठित संघर्षमा होम्दै सफलता चुमे। मार्क्सवादी अध्ययन विधिकै कारण पछिल्ला मार्क्सवादीहरू ठोस परिस्थितिको ठोस विश्लेषण गरेर क्रान्तिलाई डोर्याए। रुसको अक्टोबर क्रान्ति, चिनियाँ जनक्रान्ति वा क्युबाली क्रान्ति सबै आ - आफ्ना परिवेशमा आ - आफ्ना व्याख्या विश्लेषणका आधारमा सम्पन्न भएका थिए। ती सबैको संघर्षको प्रकृति भिन्नाभिन्नै थियो। परिस्थिति र श्रमजीवी सर्वहारा वर्गको सामाजिक र सांस्कृतिक अवस्था भिन्नाभिन्नै थियो।

समाजवाद कसरी लागु गर्ने भन्ने विषय कार्यक्रम पनि स्वाभाविक रूपमा फरकफरक थिए। किनकि पूर्णरूपमा विकसित पूंजीवादी समाजको रूपान्तरण र अर्को पछौटे कृषि प्रधान देशको रूपान्तरण कपी गर्न मिल्दैनथ्यो। ज - जसले नीति निर्माण, कार्यक्रम र विचार हुबहु सार्ने कोसिस गरे ती नराम्रोसँग पछारिए। जसले आफ्नो समाज विश्लेषण धरातलीय यथार्थमा रहेर राम्ररी केलाएर अगाडि बढे तिनीहरू सफल भए।

केही नवउदारवावी पूंजीवादी पक्षधर विद्वानहरूले सोभियत संघ तथा पूर्वी युरोपको विघटनपछि इतिहासको समाप्तिको घोषणा गरे। यसको अर्थ पूंजीवादको विकल्पमा रहेको समाजवादको अन्त्य र सँगसँगै मार्क्सवादको अन्त्य भएको घोषणा गर्ने कसरत थियो त्यो। कसैकसैले मार्क्सवाद विज्ञान प्रविधिमैत्री नभएको घोषणा पनि गरिदिए। कसैकसैले पूंजीमैत्री नभएकाले विकासमै नभएको आरोप लगाउन पनि चुकेनन्। तर, तिनले समग्रतामा के बुझेनन् भने यदि समाजवादले खोजेजस्तो सम्पत्तिको वितरण र पुनर्वितरण अवरुद्ध भयो भने आममानिस उत्पादन र उत्पादनका साधनबाट वञ्चित हुन्छन्, त्यसको अर्थ पूंजी सञ्चिति तथा पूंजी निर्माणसमेत अवरुद्ध हुन्छ।

यसको अर्थ सम्पूर्ण बस्तु तथा सेवाको उत्पादन र पुनर्त्पादनमा नकारात्मक असर पर्छ। त्यसले सम्पूर्ण अर्थतन्त्रमा मात्र होइन, सामाजिक संकट खडा हुन पुग्छ। दोस्रो विज्ञान र प्रविधिको विकास भनेको केही मुठ्ठीभर व्यक्तिको धन सञ्चयका लागि कि आमजनताको सन्तुष्टिका लागि ? मानव निर्मित वैज्ञानिक सिर्जना र प्रविधि विकास उपलब्धि मानव विकासका लागि धन आर्जन गर्ने साधन मात्र ? पूंजीवादीहरू मानवतावादलाई नकार्दै विज्ञान र विकासको निजत्वकरणमा लिप्त हुन्छन्। मार्क्सवाद निजत्वकरणको खिलाप थियो र छ। सम्पूर्ण उपलब्धि समाजका सम्पूर्ण मानिसको जीवन पद्धतिमा सुधार गर्न, सहज बनाउन लक्षित हुनुपर्छ भन्ने थियो।आजसम्मका सबै वैज्ञानिक आविष्कार र विकास व्यक्तिगत निजी सम्पत्ति आर्जनका लागि नभएर समाज कल्याणका खातिर भएका हुन् भन्ने बुझ्न पूंजीवादीहरूले चाहेनन् ( हेर्नुहोस् अल्बर्ट आइन्स्टाइन लिखित 'ह्वाई सोसलिज्म'। अझै पनि मन्थ्ली रिभ्यू अनलाइनमा पढ्न सकिन्छ )

मार्क्सवाद अल्पकालीन, मध्यकालीन वा दीर्घकालीन योजनाको पोको थिएन भन्ने पनि पूंजीवादीसँगै कथित मार्क्सवादीहरूले पनि बुझेनन् वा बुझ्न चाहेनन्। त्यसैले केही मार्क्सवादीहरूले शासनसत्ता हुँदा गरेका सतही घोषणा, सतही क्रियाकलाप तथा विकृत रूपान्तरणलाई मार्क्सवादसँग जोडेर हेरे। वास्तवमा ती केही मार्क्सलाई बदनाम गर्न चाहने पूंजीवादी र तिनका हिमायतीहरूको औजारजस्तै बन्न पुगे। पूंजीवादीहरूलाई एक प्रकारले औडाहा भएको थियों। मार्क्सवादप्रति तिनको ईर्ष्या चुलिदै गएको थियो। मार्क्सवादलाई सिराने हालेर गरिएका २०औ शताब्दीभरिका क्रान्तिले गरिब, सर्वहारालाई सशक्तीकरण गरेर जमिन तथा फ्याक्ट्रीको मालिक बनाएको थियो। राष्ट्रिय राज्यको निर्माण गर्दै स्वतन्त्र सार्वभौम सत्तासम्पन्न जनताका अधिकारका लागि साम्राज्यवादविरुद्ध स्वाधीन संघर्ष सञ्चालन गर्न हौस्याएको थियो।

शिक्षा, स्वास्थ्य रोजगारीमा आमजनताको पहुँच पुर्याउन र राज्यको दायित्वको पहिचान बढाउन मार्क्सवाद औजार बन्न पुगेको थियो। दासका रूपमा भित्र्याएका काला जाति र सम्पूर्ण महिलाहरूलाई मतदान दिने आधार मार्क्सवादको आधारमा भएका क्रान्तिको अगुवाइमा भएका थिए। त्यसले मुठ्ठीभर सामन्त तथा पूंजीवादीहरूमा खुम्चिएको राजनीतिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकार आमजनताको पहुँचमा पुर्यावन अहम् भूमिका खेलेको थियो। पूंजीवादीहरू समाजवादको नामबाट तर्सिनुपर्ने, झाँक्किनुपर्ने, यिनै कारण थिए। समाजवाद समापन हेर्न पूंजीवादीहरू सधै मौकाको खोजीमा थिए, छन् र भोलि पनि रहनेछन्।

मार्क्सवाद माथि उल्लेख गरिएझैं बहस, वादविवाद, भौतिकवाद र बर्ग संघर्षको समष्टि हो। क्रान्तिपछि जानी - नजानी राज्य पुँजीवादमा लैजानेहरूले बहस र बावविवादलाई प्रतिबन्ध लगाए। यसले भौतिक वस्तु उत्पादनको विकास त सम्भव भयो, तर समाजको सामाजिक रूपान्तरण प्रक्रिया अवरुद्ध हुन पुग्यो। डाइलेक्टिकको अभावमा राज्यमा ब्युरोक्रेसी हाबी हुन पुग्यो। डाइलेक्टिक (वादविवाद - बहस) को अभावमा जनवाद मलिन हुन पुग्यो र वर्ग संघर्ष झन् भुत्ते हुन पुग्यो। यसरी समाजवादका नाममा हुर्किएको राज्य पूंजीवादमा ढल्नुथ्यो, ढल्यो। त्यों शासन पद्धति जनताको पक्षमा नभएकाले जनताले काँध थापेनन् र अवसान भयो। पूंजीवादीहरूले मार्क्सवाद मरेको प्रचार गरे।

पूर्वी युरोप र सोभियत संघको विघटनपछि पूंजीवादमा एकपछि अर्को संकट देखा परे। सन् १९९७ / ९८ को पूर्वी एसियाली वित्तीय संकट, १९९८ / ९९ को रुस तथा मेक्सिको संकट, सन् २००२ को अर्जेन्टिनी संकट, यी श्रृंखलाबद्ध संकटहरू एक अर्कामा गाँसिदै गाँसिदै आइनै रहेका बेला संयुक्त राज्य अमेरिकाका बैंकहरूले वित्तीय संकट निम्त्याए र त्यसले निम्त्याय संसारव्यापी मन्दी। पूंजीवादी अर्थशास्त्री तथा नीतिनिर्माताहरू एक दशकदेखि छताछुल्ल हुन पुगेको पूंजीवादका अवयवहरू बटुलेर टालटुल गर्नमा व्यस्त छन्, तर समाजवादी अर्थशास्त्रीहरू भनिरहेछन्, (पूंजीवादमा प्रणालीगत संकट सिस्टमिक क्राइसिस ) आइसकेकोले अब प्रणाली नै फेर्नुपर्छ र विकल्प भनेको समाजवाद नै हो। तर समाजवादले पुराना गल्तीहरू दोहोर्याउनुहुन्न।

अघिल्लै शताब्दीको अन्तिम वर्षहरूमा नवउदारवादी पूंजीवादविरुद्ध कुल्ठूला संघर्षहरू भए। समग्र ल्याटिन अमेरिका समाजवादमय बन्न पुग्यो। बोलिभारान क्रान्तिको आधारमा हयुगो चाभेजले दर्शनिक स्तेभान मेजारोसको भिजनमा आधारित रहेर २१ औं शताब्दीको समाजवादी कार्यक्रमलाई अगाडि सारे। अमेरिकी साम्राज्यवादको नाकैमुनि बोलेभिया, इक्वेडर, अर्जेन्टिना, ब्राजिल उरुग्वेका श्रमजीवी कामदारहरूको जीवनस्तर ठूलो फड्को मार्ने गरी समाजवादी पार्टीहरू निर्वाचनमार्फत सत्तामा पुगे। कोही सफल देखिए कोही असफल। यद्यपि यो पुनर्जागरणले ल्याटिन अमेरिकामा सशक्त विकल्प प्रस्तुत गरेको छ।

सन् २००७ देखि २०१० को अवधिमा पूर्वी र पश्चिमी यूरोपमा समाजवादको नयाँ जागरण सुरु भएको छ। मार्क्सवादको गम्भीर अध्ययन सुरु भएको छ। पूंजीवादका स्वरूप र बिस्तारका बारेमा लेनिन ( इम्पेरियालिज्म अ हाइअर स्टेज अफ क्यापिटालिज्म ), रोजा लक्जेम्बर्ग ( क्यापिटल एकुमुलैसन थ्यौरी ), माइकल कोलेस्की ( जेनरल थ्यौरी र थ्यौरी अफ ग्रोथ एन्ड इम्प्लवाइमेन्ट ), जुबान रा'बिन्सन (थ्यौरी अफ इम्यर्फेक्ट कम्पिटिसन ), पौल बरान, पौल स्विजी, हारी म्यागडफ ( मोनोपोली क्यापिटालिज्म एन्ड स्ट्यागनेसन ) आदि माथि गम्भीर बहस र छलफल चल्न थालेका कुरा हिजोआज प्रकाशित पुस्तक, जर्नल आर्टिकल तथा अखबारी लेखनहरूमा पाइन थालेकाले पुष्टि हुन्छ।

ग्रिसेली अर्थशास्त्री कोस्तास लापाभितासको 'प्रोफिट विथआउट प्रोड्यूसिङ ' नामक किताबले हामीकहाँ चलेको दलाल पूंजीवादको बहसकों झल्को दिन्छ। उनले विस्तारमा त्यसको पछाडिको सैद्धान्तिक जरा केलाएका छन्। डेभिड हार्वे, फ्रेड मोस्ले, माइकल हेनरिचलगायत सयौं समाजशास्त्री, अर्थशास्त्री तथा राजनीतिशास्त्रीहरू मार्क्सवादको बिकासमा भिडेर लागिपरेका देखिन्छन्।

हिजोआज पूँजीवादभित्रै दक्षिणपन्थी लोकप्रियतावाद झाङ्गिरहेको छ। पुरानो उदारवादलाई नवउदारवादले खायो र नवउदारवादलाई दक्षिणपन्थी लोकप्रियताबादले। नवलोकप्रिय राष्ट्रवादीहरू पूंजीवादी भूमण्डलीकरणका विरुद्ध राष्ट्रवादी पूंजीवादको वकालत गरिरहेका छन्। र, त्यसका आडमा नश्लवाद, धर्मवाद, जातिवादलाई आड लिने गरेका छन्। तिनले फैलाउन सक्ने नरहिंसा, अन्याय, अत्याचार आततायी युद्धका विरुद्ध मार्क्सवादमा आधारित राजनीतिक संगठनको निर्माणको विकल्पमा अरू केही देखिएको छैन। यस अर्थमा मार्क्सवाद अहिलेको संकटबाट माथि उठ्ने ठूलो वैचारिक विधि बन्ने सम्भावना प्रवल देखिएको छ।

मार्क्सवादलाई माथि भनिएझैं धर्मशास्त्र बनाउने होइन। विधिसंगत ढंगले अध्ययनलाई अगाडि बढाउने हो। मार्क्सले भनेझैं राष्ट्रभित्र रहेका स्रोतसाधनहरू (जमिन, श्रमशक्ति, उद्योगधन्दा, पूँजी, वित्त) कसरी परिचालित भएका छन् ? कसरी कसले कसका हितमा उपयोग र दोहन गरिरहेका छन् यसको विधिवत् अध्ययन आवश्यक छ। विगतमा 'डाइलेक्टिक्स'को जसरी हत्या हुन पुग्यो अबका दिनमा त्यसो हुन नदिन पुनर्जीवन कसरी दिने ? बहस छलफललाई कसरी सङ्गठनको जीवन बनाउने ? कसरी वर्गसंघर्षलाई क्रान्तिपछि पनि जीवन्त तुल्याउने ? यसको खोजी हुन जरुरी छ।

नेपालमा मात्रै होइन, संसारभर, संघर्षको कसरी पहिचान गर्ने ? भन्ने समस्या देखिएको छ। अमेरिका र युरोपमा काला जातिमाथि गरिएको भेदभाव र घृणा, मुस्लिममाथि फैलाइएका द्वेष, नेपाल भारतजस्ता देशमा दलित, जनजातिमाथि गरिएका आर्थिक, सामाजिक साँस्कृतिक, राजनीतिक भेद र अन्य सीमान्तकृत जनसमुदायलाई गरिएका हिजोदेखिका भेदभावलाई कसरी हटाउने ? कस्तो अभियानमार्फत कस्तो आर्थिक तथा सामाजिक रूपान्तरणमार्फत ? यी गम्भीर विषय हुन्। गफ र भाषणले मात्र समाजवाद आउँदैन।

ठोस परिस्थितिको ठोस विश्लेषण, , परिवर्तनका लागि ठोस योजना, योजना कार्यान्वयनका लागि नयाँ क्रियाशील र कामकाजी संस्थाहरूको व्यवस्थापन आवश्यक हुन्छ। नेपालमा वामपन्थीहरूलाई जनताले लहलहैमा लागेर त्यत्तिकै भोट दिएका होइनन्, आमूल परिवर्तनको आसमा दिएका हुन्। यदि उनीहरूलाई यो नाम मात्रका मार्क्सवादी हुन्, यिनले सुधार गर्दैनन् भन्ने लाग्यो भने काँधबाट तल खसालिदिन्छन् जसरी सोभियत सरकारको लास बोक्न कोही सडकमा ओर्लिएनन्।

# ‘बन्दुकले विश्राम लिएपछि’को परिदृश्य



● तेजविलास अधिकारी ●

‘बन्दुकले विश्राम लिएपछि’ कवितासङ्ग्रह (२०८१) का रचनाकार धनेश्वर पोखेल (जन्म वि.सं. २०१४) हुन् । नेपाली भाषाका माध्यमबाट विचारलाई लिखित रूपमा प्रकट गरिरहने निरन्तर क्रान्तिका एक अगुवा कविका रूपमा उनलाई हामी चिन्दछौँ । यसअघि पोखेलका विद्रोहको युग कवितासङ्ग्रह (२०६३) र बेनीमोर्चाको शब्दचित्र संस्मरण सङ्ग्रह (२०६७) प्रकाशित भइसकेको छ । आफ्ना साहित्यिक कृतिमा आफ्नो जीवनको भोगाई, समर्पण र सिङ्गो राजनीतिक परिदृश्यलाई एउटा लयमा पस्कने क्षमता राख्ने कवि पोखेल अविचल आस्थाका यात्रा हुन् । प्रकाशित दुई कवितासङ्ग्रह र एउटा संस्मरणसङ्ग्रह बाहेक उनका निबन्ध र काव्य विधाका धेरै फुटकर रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित रहेका छन् । आफू जीवनको अठसठ्ठी वर्षतिर पुग्दा उनले लेखनको यात्रालाई पाँच दशकको दीर्घयात्रामा जोडिसकेको पाइन्छ । २०३३ सालमा कविता प्रकाशित गरेका कवि पोखेल लेखनको लयलाई एउटै हिसाबले निरन्तरता दिने कवि नेता हुन् । २०३१ सालदेखि उनले कम्युनिस्ट पार्टीको सदस्यता लिए । २०३३ सालदेखि कविता छपाए । कवि कृष्णसेन इच्छुकको जेल जीवनका साथी बने, शिक्षण पेशालाई छाडेर राजनीतिको मूल प्रवाहमा होमिए ।

कवि धनेश्वर पोखेलका लागि राजनीतिका लागि कविता आवश्यक देखियो, सङ्गठनका लागि कविता चाहियो अनि चिन्तनको छाप छोड्ने माध्यम साहित्य बन्यो । विचारलाई सम्प्रेषित गर्न उनले निरन्तर लेखिरहेका छन् । उनको कवितासङ्ग्रह विद्रोहको युग (२०५७-०६२ समय समेटिएको) पूर्वका कविताहरू आन्दोलनको आँधीबेहरीमा हराए । तथाकथित राज्यले उनलाई धेरै यातना दियो । उनका विचारका प्रतिचाप देखिने रचना खोस्यो । उनी २०५७ पछिका कविताहरूबाट मात्र चिनिनुपर्ने स्थिति बन्यो । २०३७ सालमा नै पक्राउ परेका पोखेलले छाप्न तयार पारेको पुस्तक ‘जेल सङ्घर्षको सुसेली’ छाप्नै पाएनन् । त्यसपश्चात् २०५४ सम्मका कविताहरूले सङ्ग्रहमा समावेश हुने अवसर नपाएरै नाश हुनु पऱ्यो । झण्डै १६ वर्ष उमेरबाट राजनीतिको रापिलो र रातोपथमा हिँडेका पोखेल मूलतः राजनीतिक व्यक्तित्व हुन् । उनले राजनीति गर्न थालेपछिका उत्पादनको क्षेत्र साहित्य हो । राजनीति र साहित्यलाई निकै राम्रोसँग सन्तुलित ढङ्गले अगाडि बढाउन चाहने पोखेल आफैँमा एउटा जीवित इतिहास हुन्, उनको जीवनयात्रा सङ्घर्षको एउटा मूल पाठ हो । उनको राजनीतिक व्यक्तित्व जेलयात्रामा पनि कमजोर भएन र लेखन यात्राले विद्रोहको मैदानबाट पनि वर्गयुद्धका व्याकरणमा योगदान गरिरह्यो । उनको कवितालाई वर्गयुद्धको सापेक्षतामा हेर्ने हो भने मात्र पाठकले कविताको स्वाद लिन सक्छ न कि एउटा लहडको उपज ।

‘बन्दुकले विश्राम लिएपछि’ कवितासङ्ग्रह (२०८१) ले कवि पोखेलका २०६३ पछिको विचार र गतिविधिलाई केन्द्रीय परिवेशका रूपमा लिएको पाइन्छ । झण्डै ११ वर्ष लामो कालखण्ड भित्र लेखिएका कविताहरू यस सङ्ग्रहमा परेका छन् । कवितासङ्ग्रह भित्रका बयालिस कविताहरूमध्ये जम्मा ३ ओटा मात्र गीतिलयमा संरचित छन् भने उनन्चालीस ओटा गद्य कविता समावेश रहेका छन् । कवितासङ्ग्रह भित्र कविले लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था भित्रका अनेक पक्षलाई घतलाग्दो शैलीमा अभिव्यक्त गरेका छन् । साहित्य पनि प्रगतिशील र अप्रगतिशील हुन्छ र ! साहित्य सबै त प्रगतिशील नै हुन्छ भन्ने विचारविहीनहरूलाई साहित्य भनेको मूलतः द्वन्द्वात्मक चेतनाको इतिहास अर्थात् दस्तावेज हो भनेर जवाफ दिने पोखेल वर्गभित्र पनि उत्पीडनका आयाम खोतल्नुपर्ने कुरा उद्घाटन गर्दछन् । ‘अपेक्षा’ शीर्षकको कविताभित्र उनको सूत्रात्मक अभिव्यक्ति यस्तै छ;

*तिमी मलाई क्रान्ति देऊ*
*म तिमीलाई त्याग र बलिदान दिन्छु*
*तिमीले दिएको क्रान्ति*
*अरू मैले दिएको त्याग र बलिदानले*
*राष्ट्र स्वाधीन हुनेछ*
*हाम्रो वर्गले मुक्ति पाउनेछ*
*त्यो मुक्ति नै*
*राष्ट्रको मुक्ति हो*
*त्यो मुक्ति नै*
*जात, वर्ग, क्षेत्र र लिङ्गको मुक्ति हो ।*

(पृ. ६७)

यस कवितासङ्ग्रहको भूमिकामा ‘मार्क्सवादीहरूले साहित्य सिर्जना गर्दा श्रमजीवीवर्गको पक्षधरता लिएको हुनुपर्छ । जहाँ पसिनाको उच्चतम मूल्यबोध गरिएको हुन्छ ।’ (पृ. ८) भने झैँ कवि पोखेलका कविताले सपाट जनजीवनलाई छोएर मुक्तिको गीत कर्मद्वारा गाउने वातावरण नेतृत्वले दिनुपर्ने कुरालाई प्रकट गरेका छन् । राष्ट्रको मुक्तिलाई क्रान्तिकारीहरूले सबै मुक्तिको मूलपाठ मानेका छन् र त्यही मार्गमा अविचल अगाडि बढ्न आह्वान समेत गरेका छन् ।

नेपालको राजनीतिक इतिहासमा २०६३ सालपछिको समय उपभोक्तावादीहरूका लागि निकै लाभप्रद समय होला तथापि साँचो क्रान्तिकारीहरूले आफ्नो अस्तित्व कमजोर बनाएको समय हो भन्ने आशयको सार कवितासङ्ग्रहको शीर्षकमा झल्किएको लागेको यो समयले देखाएको आजको चरम विकृतिको एउटा दृश्य पनि हो । आफ्नो यात्राको एउटा सहयोद्धा कवि कृष्णसेन ‘इच्छुक’लाई सम्झँदै उनले लेखेका छन् ।

सङ्कल्प नामक शीर्षक दिएर लेखिएको कवितामा कविले त सङ्कल्प गरेका छन् नै उनले नेतृत्व बदमास हुँदा गुमाउनु परेको यात्राका अवसरप्रति पनि सङ्केत गरेको पाइन्छ । कविले आफ्नो रोजाइको धार र धारागत लेखनमा अभिव्यक्त गरेको उत्पीडित वर्गको पीडालाई सम्बोधन गर्दै मुक्तिको यात्रामा सामेल भई आमूल परिवर्तन गर्ने चाहना कविताहरूमा प्रतिबिम्बित भएको देख्न सकिन्छ ।

*सुदूर भविष्यको निम्ति*
*निश्चित गन्तव्यमा पुग्न*
*फेरि अविचलित अनन्त यात्राको थालनी गरौँ*
*साहसका साथ आऊ*
*जोखिमका विरुद्ध*
*फेरि अर्को जोखिम उठाएर निर्णायक युद्ध लडौँ ।*

(पृ. ७१)

मुक्तिको यात्रामा लाग्नेहरूले आफ्नो वर्गीय परिचयलाई छाड्दै जाँदा झन् मुक्तियुद्धले अपेक्षा बनाएको छ । विघटित मूल्यलाई फर्काउन चिन्ता मात्र गरेर पुग्दैन मूल्यको निम्ति एकताबद्ध हुनैपर्दछ भन्ने आशय कवितामा व्यक्त भएको देखिन्छ । २०५२ सालमा जुन अठोटका साथ मुक्तिको निम्ति झण्डा उठाएको हो त्यसले आंशिक मात्र प्राप्ति गऱ्यो जो खासै निम्नवर्गको जीवनमा अनुवाद हुनै सकेन । त्यसप्रति प्रगतिवादी धाराका अन्य लेखकहरू जस्तै स्थिति आएको हो । मान्छेहरूले प्रकृतिसँग सिकेर प्रकृतिसँग सहकार्य गर्नुपर्ने र एउटा सुन्दर सुदूर यात्रा तय गर्नै पर्दछ ।

*पल्लो डाँडामा फ्याउरो करायो*
*वल्लो डाँडामा कुकुर भुक्यो*
*उता फ्याउराहरू कराउँदै गए*
*यता कुकुरहरू कराउँदै गए*
*आफ्नो सुदूर भविष्यको गन्तव्यमा पुग्न*
*नयाँ सडकमा हात्ती निरन्तर लम्किरह्यो ।*


(पृ. १०१)

यही त हो प्रकृतिको नियम । हामीले सबै बुझेर आफ्नो यात्रा तय गर्नैपर्छ । दमित र उत्पीडितहरूका पक्षमा आवाज उठाउन लागिरहनु पर्छ । अवरोधक धेरै छन् । अवरोध छिचोल्दै अगाडि बढ्नु पो बढ्नु । कवि आफ्नो लेखकीय विचारलाई केन्द्रमा राख्दै अगाडि भन्छन्;

*बन्दुकले विश्राम लिएपछि*
*हिजोसम्म रक्तकुण्डमा नुहाएर*
*मान्छेको मासु लुछ्न पल्केका सैतानहरू*
*आज खुल्ला सडकमा दिनदहाडै*
*ताण्डव नृत्य गर्न थालेको धेरै भो ।*

(पृ. ७६)

बन्दुकको बलमा शासकहरू लामो समयदेखि जनताको अधिकारलाई दबाएर लुटको स्वर्ग स्थापित गरिरहेकै थिए । त्यसका विरुद्ध विचारको नेतृत्वले बन्दुकद्वारा प्रतिरोध गऱ्यो । अनेकौँ बाधाका विरुद्ध पनि जनतामा आशा जगायो । मृत्युभन्दा पनि मुक्तिको आशाले आलोकित बनेको समाज पुनः निराशाको यात्रामा निस्कन खोज्दा कवि चिन्तित छन् । जीवनयात्रालाई




छ । जनयुद्धपछि तीब्रगतिमा विकास भएको राजनीतिक घटनाक्रमले पहिलो संविधानसभाबाट प्राप्त गर्नु उपलब्धि नपाएपछि सामन्त, दलाल र काला व्यापारीहरूको प्रतिनिधिहरूले दोस्रो संविधानसभा कब्जा गर्ने स्थिति बन्यो । त्यसमा तत्कालीन संसदीय राजनीतिको अङ्गणितमा फसेका नेतृत्व जिम्मेवार हुनैपर्छ भन्ने कविताको पेटबोली छ । सरकार र युद्धरत पक्षका बिचमा सहमति भए पछाडि नै लत्रन पुगेको नेपाली जनताको शीर आजका मितिसम्म उठ्न सकेको छैन । पुरानै सत्ताधारी ठेकेदारहरूले विदेशीशक्तिको रुचि र तालिकामा खास पात्रहरूलाई प्रयोग गर्दा यो स्थिति आएको हो भन्ने ठोकुवा कवि गर्दछन्;

*रातो देखिँदैमा*
*सबै खुन नहुँदा रहेछ*
*पहेँलो देखिँदैमा*
*सबै सुन नहुँदो रहेछ*
*खुन र सुन*
*विशेष धातुमा मात्र हुँदो रहेछ ।* (पृ. ३७)

नेपाली माटोमा रगतको खोलो बगाउन तयार भएर थालिएको जनयुद्धमा धेरै युवाहरूले बलिदान गरे । लाखौँ जनताले सहयोग र समर्थन गरे अनि हजारौँ योद्धाहरू आज पनि अभावको चौबाटोमा चौपट्ट जीवन बिताइरहेका छन् । ‘एक लाल सुन’ कविताले एक थोपा रगत शरीरमा रहेसम्म निष्ठापूर्वक लाग्ने योद्धाको रगत नै वास्तविक ऊर्जा हो भन्ने आशय प्रकट गरेका छन् भने सुनलाई साँच्चै एउटा उपयोगी धातुको रूपमा सदुपयोग गर्न सुन चिन्ने क्षमता बनाउनु पर्छ भन्दछन् कवि । सुन चिनेर हो कि कतै जनताको मुद्दा बोकेर न्याय दिन सिंहदरबार पुगेका उच्च ओहोदाका कमरेडहरू सुनको व्यापारमा कवि धनेश्वर पोखेल पनि असन्तुष्ट रहेका छन् । हुन त हामीले विश्व इतिहासलाई हेर्ने हो भने पनि नेपालका रिमालदेखि रूसी क्रान्तिका गोर्की, चिनियाँ क्रान्तिका लुसुन आदि स्रष्टाले सत्ता प्राप्तिमा लाग्ने नेतृत्वप्रति आगो नै ओकलेका छन् । कवि पारिजातको पछिल्लो कालको लेखन अनि आफूलाई निरन्तर रूपमा परिवर्तनको पक्षमा उभ्याउन प्रयत्न गरिरहेका कविहरूको क्रममा पोखेलले पनि उभिने आँट देखाएका छन् ।

विचारलाई कलात्मक ढङ्गले स्थापित गर्न गाह्रो हुने कुरा समेत स्वीकार गर्दै कवि आफूलाई त्यही बाटोमा जान साधनामा रहेको तर्क गर्न समेत चुकेका छैनन् । उनी भन्दछन्, कतिपय कविताहरू बिम्ब प्रधान हुनुभन्दा पनि अलि सोझो र नारा प्रकृतिका हुन गएका छन् । (पृ. १७) हो यही हो आफूलाई सपार्ने सोच र आत्मसमीक्षा । कविमा घमण्ड छैन तथापि कविताभित्र केही पक्ष नभइदिएको भए भन्ने त लाग्छ नै ।

*दलाली चाकडी सबै उस्तै छ*
*जनतासँगको तुच्छ व्यवहार*
*उत्पीडनमुखी कार्यशैली उस्तै छ*
*कहिलेकाहीँ त उत्ताउलो भएर*
*अनेकथरि बोल्छ मान्छे*
*सत्ताको टावरमा बसेको मान्छे*
*विवेक र स्वाभिमान गुमाएको मान्छे ।* (पृ. १००)

कविको विचार अभिव्यक्तिमा सहमत नहुनु पर्ने कुरा केही छैन तथापि लाग्नुपर्ने त हामी अर्कै बाटो हो नि ! कविले श्रमको जीवन, सङ्घर्षको इतिहास र आशाको मुहानतिर कै कुरा गरे हुने जस्तो पाठकले महसुस गर्दछन् । आखिर व्यक्ति बिग्रिएको हुँदैनथ्यो भने कमजोर अवस्था आउने थिएन नै । आज हामीले विश्वास गरेका एक/एक ओटा थुप्रै जगका ढुङ्गा हल्लिएकाले नै यो विविध कोणबाट हेर्न र पुनः दुई दशक अगाडि बिसाएको बन्दुकको सम्झना गर्न पुगेका छन् कविले । समयलाई एउटा उपलब्धि पछि अर्को उपलब्धिमा निरन्तर रूपमा लैजान नसक्दा झन् प्रतिक्रियात्मक पक्ष सबल बन्दोरहेछ । श्री ५ का ठाउँमा श्रीपेच पहिरिएर आएकाहरूप्रति लक्षित गर्दै कवि खबरदारीको भाषा प्रस्तुत गर्दछन् । सत्ता आवाज दबाउन बन्दुक प्रयोग गरिरहेछ, जनताको जीविकाको सवाल झन् कमजोर बनिरहेको पृष्ठभूमिमा निराशाले होइन आशाका नजरले निरन्तर आफूलाई खार्न कविताले मार्गनिर्देश गरेको छ ।

निष्कर्ष, नेतृत्वको सल्लाहले होइन, जनताको आवश्यकता र जुझारूपनले नै क्रान्ति अगाडि बढ्छ । सत्ताको दलालीले नेतृत्वको पहिचान गुम्छ । जनताको चेतनास्तर नउकासे जनतालाई शत्रू ठान्ने खेलमा सहभागी हुनैपर्ने स्थिति आउँछ । २०५२ फागुन १ पूर्वको अनेकौँ अभ्यास र तत्पश्चात्को एक दशकको यात्राले ल्याएको आशा मर्न नदिन कवि धनेश्वर पोखेलको ‘बन्दुकले विश्राम लिएपछि’ कवितासङ्ग्रहले योगदान गरेको छ । म र मैले गरेको नभन्ने तर मेरा कमजोरीलाई सच्चाउन सचेत बन्नुपर्ने अठोट यहाँ गरिएको छ । यसलाई प्रतिबद्धताको पुनर्यात्रा भन्न सकिन्छ । यात्राका अनेकौँ कमजोरी हटाएर पुनः यात्राले सुनौलो गन्तव्य छाड्नु हुँदैन । कवितासङ्ग्रह भित्र अनेकौँ भाव समाहित रहेका छन् । कवि एउटै मात्र योजनामा छन् जहाँ उनी अरूभन्दा बढी योगदान दिँदै न्याय र समानताको समवेत आवाजलाई अझैँ परसम्म सुनिने गरी आह्वान गर्न चाहन्छन् ।

*tejkamere@gmail.com*

## ❑ यो साता कविता (तीज गीत)

❑ तीज गीत


### मोल



❑ जगदीश चन्द्र

*मोलमोलाइ छ*
*बजारमा*
*आयुक्त अरबमा*
*सदस्य करोडमा*
*मुख्यमन्त्री र मन्त्री*
*कुलपति उपकुलपति*
*तत् तत् स्थानानुरूप*
*भाउ भाउमा छन्*
*न्यायाधीश वा निर्देशक*
*राजदूत वा सचिव*
*मुख्य हाकिम*
*उदारवादी अर्थजालमा*
*डिजिटल उपनिवेशवादमा*
*फरक फरक मोलका छन्*
*जसरी सामानका*
*मोलभाउ उतारचढावमा*
*हुन्छन् त्यसरी नै*
*किलो र टनमा*
*गुलाम दास झोले छन्*
*पुरस्कार पदवी उपाधि छन्*
*दिनदिनै*
*तिनका दाम बढिरहेछन्*
*बजार भत्काउने उम्मेदवारको*
*खाँचो झनझन बढिरहेको छ*

### फरक



❑ मोदनाथ मरहट्टा

*अँध्यारा दिनहरूमा हामी*
*नाङ्गो आङ र भोको पेटमा*
*आगो बोकेर आगो ओकल्थ्यौँ*
*खुल्ला नभको कविता लेख्थ्यौँ*
*तिमी बिरासतका दाउ सुम्सुम्याएर*
*रमिता देख्थ्यौ*
*हामी झुप्राका चित्कार बोकेर*
*कविता कोर्थ्यौँ*
*तिमी महलका खित्का देखेर*
*रमिता चोर्थ्यौ*
*फरक यत्ति थियो*
*हामी उकालो चढिरहेथ्यौँ*
*तिमी ओरालो झरिरहेथ्यौ*
*जब तिमीले भेट्यौ*
*कायरहरूको एउटा भीड*
*र उफ्र्यौ तीनहात बित्ता*
*मनाउन दीपावली एउटा अपूर्ण यात्राको ।*

*अहिले पनि हामी*
*नयाँ इतिहासको साङ्गपाङ्ग लेखिरहेछौँ*
*तिमी उही बासी इतिहास बोकेर*
*हामीमाथी रातो फर्मान पोखिरहेछौ*
*हामी बासी कोट फाल्न भन्छौँ*
*तिमी उही टाल्न भन्छौ*
*हामी सयथरी सुनगाभा फुलाउन भन्छौँ*
*तिमी मरूस्थलको अर्चनामा रम्छौ*
*फरक यत्ती हो*
*तिमी चौतर्फी उज्यालो देख्छौ*
*हामी उही अँध्यारो लेख्छौँ*
*तिमी दीप सल्काउँदै गर*
*हामी हुरी जन्माउँदै गर्छौँ*
*तिमी तिम्रै बिधानको*
*बूँदाबूँदामा चित्त थन्क्याउँदै गर*
*हामी अर्कै बिधानको विश्वासमा जुट्छौँ*
*फरक यत्ती हो*
*तिमी ओरालो झरिरहेछौ*
*हामी उकालो चढिरहेछौँ ।*

## सर्वहारा...

विकास भएको छैन । नेपाल अर्धसामन्ती अर्ध औपनिवेशिक अवस्थामा छ । नेपालमा दलाल नोकरशाही पुँजीपति वर्गको शासनसत्ता भएकाले यहाँ औद्योगिक विकास हुन सकेको छैन । यो दलाल वर्गको सत्ता राष्ट्रघाती भएकाले साम्राज्यवादीका उदार अर्थतन्त्र लागु गरेकाले मित्रराष्ट्रहरूले खोलेका जुत्ता, कागज, सिमेन्ट, चिनी, चुरोट आदि कारखानाहरू कौडीको मूल्यमा बेचे । ती कारखानाहरूले थोरै नेपालीलाई भए पनि रोजगारी दिएको थियो । निजीकरणको नाममा ती सबै बन्द गरिए । समृद्ध नेपाल सुखी नेपालीका नारा घन्काउने प्रतिक्रियावादी शासकहरू प्रत्यक्ष विदेशी लगानी भित्र्याउने नाममा अनेकौं सुविधा उत्पादन कर, निर्यात्कर, आयात कर, मुनाफाकर आदि छुट दिने भने तापनि विदेशी पुँजीपतिहरूले लगानी गर्न चासो दिएका छैनन् । भ्रष्ट सरकारले लगानी भित्र्याउने नाममा लगानी सम्मेलनहरू पनि गर्दै आएको छ । लगानी प्रतिबद्धता प्रकट गरे पनि लगानी गरेका छैनन् । किनभने अस्थिर शासनसत्ता, संस्थागत भ्रष्टाचार मात्र नभएर राजनैतिक भ्रष्टाचारले गर्दा विदेशी लगानी मैत्रीको अभावले गर्दा विदेशी लगानीकर्ता व्याँसाहरू नेपालमा लगानी गर्न उत्साहित छैनन् । केही उत्साहितहरू पनि औद्योगिक क्षेत्रमा नभएर सेवा क्षेत्रमा चासो राखेका देखिन्छन् । प्रतिक्रियावादी शासकहरूले नेपालका ठूला नदी नाला भारतीय विस्तारवादीलाई सुम्पिसके नेपाली जनताका टाउकोमा ऋणका भारी थप्दै छन् । सार्वजनिक ऋण व्यवस्थापनका अफिसर मुकुन्द पोखेलका अनुसार सरकारले आन्तरिक घरेलु ऋण रु. १.२७ ट्रिलियन तिर्नु पर्नेछ भने बाह्य ऋण १.४० ट्रिलियन रुपियाँ तिर्नुपर्ने छ ।

नेपाल सरकारले हरूवा चरुवालाई २०२२ जुलाईमा मुक्त भएको घोषणा गऱ्यो । नेपालमा बधुवा मजदुरहरू हरूवा चरुवा वयस्क ९७०० र केटाकेटी १३००० छन् भनेर फ्रिडम फन्डले गरेको सर्भेले औंल्याएको छ । यी बधुवा मजदुर पूर्वी तराईमा खास गरेर सुनसरी, सप्तरी, सिराहा, धनुषा, सर्लाही, बारा र रौतहटमा छन् । यी मजदुर कृषिमा छन् । कागजी रूपमा नेपाल सरकारले कमैया, कमलरी प्रथा १७ जुलाई २००० मा अन्त्य गरेको घोषणा गरेको हो । सुदूर पश्चिममा शताब्दीऔंदेखि हलियाप्रथा (बधुवा मजदुर) चलेकोमा नेपाल सरकारले २०६५ भदौ २१ मा (सेप्टेम्बर ६,२००८) हलिया प्रथाको उन्मूलन गरेको घोषणा गऱ्यो । हलिया १७ हजार परिवार सरकारी आँकडामा छन् । यी हलिया सबै दलित जातिका हुन् । कमैया कमलरी संख्या करिब २७,५५० परिवार थिए । कमैया, कमलरी थारु जातिका बनाइन्थे ।

उपरोक्त बधुवा मजदुरहरू सबै जमिन्दार सामन्तसँग लिएको ऋणको साउँको व्याज, व्याजको स्याज गरेर बधुवा मजदुर हुन बाध्य भएका हुन् । एकपल्ट ऋणमा फसेपछि सन्तान दर सन्तान ऋण मुक्त हुन सक्दैनन् । यी बधुवा मजदुरहरूका राम्रा छोरी बुहारी जमिन्दारले बलात्कार गर्ने, कुटपिट गर्ने र हत्या गर्ने गर्दछन् । चरम, क्रुर शोषण, उत्पीडन, दमन र अपमानको पीडा कति कहालीलाग्दो हुन्छ । त्यो पीडित बधुवा मजदुरले मात्र जान्दछ । सरकारले मुक्त गरेको घोषणा गरे पनि गाँस बास रोजगारीको विशेष व्यवस्था नगर्नाले पुनः तिनै जमिन्दार सामन्त कहाँ दासता भोग्न बाध्य छन् । नेपालमा सुदखोरहरूले मिटर व्याजमा ऋण दिएर हजारौं मिटर व्याज पीडितहरू सर्वस्व गुमाएर सर्वहारामा परिणत हुँदै गएका छन् । अनपढ सीधा साधा जनता दुई लाखको ८०-९० लाख तिर्न नसकेर सुदखोरीका विरुद्ध कार्वाही गर्ने माग राखेर सदरमुकाम र राजधानीमा प्रदर्शन गरे पनि न्याय पाउनबाट बञ्चित छन् । कतिपय त ज`लको यातना भोग्दै छन् । शोषक वर्गीय सत्तामा तिनै ठूला ठालू सामन्त, जमिन्दार तथा सुदखोरका सन्तान नै न्यायमूर्ति, ठूलामन्त्री, सांसद हुँदै स्वर्गीय आनन्द लिइरहेछन् ।

अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार ८.१ मिलियन जनता एसियामा मात्र ऋणकै कारण जवरजस्ती नै मजदुरी गर्न बाध्य छन् । अझ दक्षिण एसियामा बधुवा मजदुर १५.५ मिलियन जनता मानव तस्करहरूले बधुवा मजदुर बनाएर शोषण गरिरहेछन् । भारतमा लाखौं इटाभट्टामा काम गर्ने मजदुरहरू बधुवा मजदुर जस्तै दासतामा बाँचिरहेछन् । एक जना भट्टा मजदुरले केही सुधारको कुरा गर्दा नै उसको हात बञ्चरोले काटियो भनेर बिबिसिले समाचार दिएको थियो । पोलिटिकल इकोनोमी अफ न्यू स्लेभरी सम्पादक सि.भानडेन अन्करले दक्षिण एसिया इन्डिया, नेपाल र पाकिस्तानमा १६ मिलियन अदृश्य बधुवा मजदुरहरू छन् । अर्को शब्दमा भन्दा ऋणको चक्रवृद्धि नै बधुवा मजदुर हुनु हो ।

२०२३ मा विश्वमा करिब ३.६ अरब मजदुर छन् । यो संख्या दुवै सार्वजनिक र निजी क्षेत्रका हुन्, जसमा बेरोजगारहरू पनि छन् जो सक्रिय भएर कामको खोजीमा छन् । ३.६ अरब मजदुरमा पुरुष र महिला दुवै छन् । करिब २.२ अरब पुरुष र १.४ अरब महिला मजदुर छन् । विश्वमा ३.५ अरब रोजगारीमा छन् जब कि १९९१ मा २.२३ अरब थिए । जो रोजगारीमा रहेका थिए । जुन एक अरबको बढोत्तरी हो । अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) का अनुसार विश्वमा २.३ मिलियन मजदुरहरू एक वर्षमा मारिन्छन्, कामका सिलसिलामा र कामसँग सम्बन्धित रोगले मर्दछन् । यो संख्यामा घातक दुर्घटनाले मर्ने र प्रतिकूल कार्यस्थलका परिणाम हुन् । अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार वार्षिक अनुमानित २७० मिलियन पेशागत दुर्घटना र १६० मिलियन कामसँग सम्बन्धित रोगका कारण मर्दछन् । जब कि विश्वमा कालगतिले ६१,६१९,९२५ मानिस मर्दछन् भनेर युनाटेड नेसन्स वर्ल्ड पपुलेसन्स प्रोस्पेक्टको २०२४ को संशोधित रिपोर्टमा दिएको छ ।

उपरोक्त आँकडाले विश्वमा मजदुरहरूको स्थिति कति कहालीलाग्दो र कष्टप्रद छ भनेर देखाउँछ । स्वाभाविक मृत्यु हुनेहरूको संख्या र वर्ष दिनमा मर्ने मजदुरको संख्याले उनीहरूको शोषण, उत्पीडन र कामका सिलसिलामा अस्वस्थकर र सुरक्षात्मक उपायहरू नगरिनु आदिले मजदुरहरूप्रति पुँजीपतिहरू कति कठोर, क्रुर र उत्पीडक हुन्छन् भन्ने प्रष्ट हुन्छ । कारखानाहरूमा घाइते हुने र अपांग हुनेहरूको वास्तविक तथ्यांक दिइदैन । सकेसम्म पुँजीपति आफ्ना कुकृत्यहरूलाई लुकाउँदै आएका छन् । नाफाका लागि पुँजीपतिले मजदुरहरूलाई बोल्ने औजार सम्झेर शोषण गर्छन् । शोषक पुँजीपतिवर्ग तथा पुँजीवादी शिक्षादीक्षाले लैस डाक्टरदेखि लेखापाल, फोरम्यान आदिको एउटा डफ्फाका बीच मिलिमतो हुन्छ र मजदुर वर्गमाथि शोषण, दमन र उत्पीडन गरिएको हुन्छ । नेपालको छिमेकी ठूलो प्रजातान्त्रिक मुलुक भारतको महाराष्ट्रमा उखु काट्नको लागि बच्चाहरू र जवान केटीहरूलाई प्रयोग गरिन्छ । ती जवान केटीहरूको विवाह गराइन्छ जुन परिवारलाई ऋणको दासताभित्र बाँधिएका हुन्छन् । चिनी कारखानाहरू राज्यका राजनैतिक नेताहरूको नियन्त्रणमा हुन्छ । पश्चिमी ब्राण्डका प्रमुख कोकाकोला तथा पेप्सीलाई फाइदा कसरी दिइन्छ भने जवान महिलाहरूलाई तातो घाममा सधै दिनभर काममा जोत्न अनावश्यक (हिस्टेरेक्टोमी) गर्भाशय हटाउने शल्यक्रिया गरेर बन्ध्याकरण गरिन्छ । जसले गर्दा महिलाका मासिक धर्म रोकिनुका साथै स्त्री रोगहरूका समस्याहरूबाट जोगिन्छ अर्थात् कुनै पनि दिन काम रोकिंदैन । (न्यूयोर्क टाइम्स् २४ जुन २०२५)तर महिलामा पर्ने गम्भीर मानसिक शारीरिक समस्याहरू उत्पन्न हुन्छन् ।

साम्राज्यवादी अमेरिकामा अत्याधुनिक यान्त्रीकिकरण भएको मुलुकमा मजदुरहरू हायर फायरको सन्त्रासमा सधै रहन्छन् । अमेरिकी ओरेगन राज्यमा वार्षिक एक लाख मजदुरहरू घाइते हुन्छन् र मर्दछन् । यी मजदुरहरू घना जंगलमा रुख काटेर टिम्बा मुढा बनाउने काम गर्छन् भनेर अमेरिकी श्रम तथ्यांकमा उल्लेख छ । (न्यूयोर्क टाइम्स् १ डिसेम्बर २०२४)

पुँजीवादी विश्व व्यवस्थामा मजदुर विशेष गरेर व्लु कलर (निलो लुगा लगाउने) मजदुरहरू मारिनु, अंगभंग हुनु बेरोजगार हुनुलाई कुनै महत्व दिइँदैन । हवाई यात्रामा एक दुई यात्रु जहाजमा दुर्घटना भएर मरे भने पनि ठूलो होहल्ला हुन्छ । किनभने जहाजमा उड्ने अधिकांश ठूला ठालु धनीमानी हुन्छन् । मजदुर सय दुई सय मारिए पनि खबरै बन्दै किनभने सम्बन्धित पुँजीपतिको पुँजीवादी प्रतिष्ठाको विषय र मजदुर विरोधको सम्भावनाले गर्दा सूचना प्रवाह नै गरिँदैन ।

विश्वमा सर्वहारावर्गको पुँजीवादी दासताको अन्त्य गर्ने समाजवाद र साम्यवादलाई मूल उद्देश्य राखेर खोलिएका पार्टीहरूमा विगत इतिहासमा सोभियत रुस र जनवादी चीन रहे । ती ठूला पार्टीका पहिलो र दोस्रो पुस्ताले पुनः पुँजीवाद पुनर्स्थापना गरे । सोभियत रुस र चीनमा पुँजीवादको पुनर्स्थापना हुनुमा कम्युनिस्ट पार्टीमा लुकेर ढुकेर नेतृत्व हत्याउने नेतृत्वले मौका आउनासाथ समाजवादी संरचना र आर्थिक आधारलाई ध्वस्त पारेर पुँजीवादी आर्थिक आधार र संरचनाको निर्माण गर्नु प्रमुख कारण हो । दोस्रो, अर्को प्रमुख कारण साम्राज्यवादी तथा विकसित पुँजीवादी मुलुकहरूका कम्युनिस्ट विरोधी प्रचार प्रसारका संयन्त्र, कम्युनिस्ट विरोधी सत्ताबाट च्यूत गरिएका पुँजीवादी, सामन्तवादी प्रतिक्रियावादी शक्तिको पुनः सत्ता प्राप्त गर्ने अभियान, जसलाई बाह्य साम्यवाद विरोधीको आर्थिक, राजनैतिक, सांस्कृतिक सहायता आदि हुन् । अधिकांश विकसित पुँजीवादी मुलुकहरूमा पनि मजदुर पार्टी समाजवादी कम्युनिस्ट पार्टीहरू रहेका छन् । ती पार्टीहरू संसदीय धापमा डुबेका छन् र सर्वहारावर्गको वर्गीय सत्ता कायम गर्ने पक्षमा छैनन् । सर्वहारावर्गको वर्गीय सत्ताको नामैले पुँजीपति वर्गको मुटु काम्छ । यसकारण पुँजीपति वर्गले आर्थिक आधार, संरचना न्याय, शिक्षा, संस्कृति आदि सबैलाई पुँजीवादीकरण गरेका छन् ।

सर्वहारावर्गको वर्गदुश्मन पुँजीपति वर्गले पनि सर्वहारा वर्गीय सत्ताप्रति घृणा फैलाउन थुप्रै व्यक्तिवादी, उपभोक्तावादी पुँजीवादी सिद्धान्त र मान्यता बच्चादेखि नै मस्तिष्कमा भरिन्छ । विज्ञानले फड्को मारेर कृत्रिम बौद्धिकताको युगमा प्रवेश गरेको छ । यो एउटा साम्राज्यवादी तथा विकसित पुँजीवादीका लागि नित्य पुँजीवादी दासता फटाईँ जालसाझी गर्ने एउटा ठूलो अस्त्र प्राप्त भएको छ । यसकारण सक्कली सर्वहारावादी क्रान्तिकारीहरूले साम्राज्यवादीका प्रत्येक झुटमुठ सर्वहारावाद विरोधी प्रतिक्रियावादको भण्डाफोर गर्नुका साथै शताब्दीऔंदेखि पुँजीवादी प्रजातान्त्रिक संसदीय व्यवस्थामा सर्वहारावर्गको दासताको वास्तविकताका पक्षमा सचेतनाको प्रचारप्रसारको आवश्यकता छ । जबसम्म पुँजीवादी व्यवस्था रहन्छ तबसम्म पुँजीवादी शोषण, अन्याय, अत्याचार, दासता र अपमानको पनि अन्त्य हुन सक्दैन ।

## सात बुँदे...

पुऱ्याउन जानेहरूलाई रोकेर बालबालिका तथा वृद्धवृद्धाहरू सहित लाखौं जनतालाई मृत्युको मुखमा धकेलिरहेको छ । दुईजना पत्रकारसहित राहत सामग्री लिएर गएको आइकोरको २१ जनाको टोलीलाई इजरायली आतंकवादी सेनाले रोकेर अज्ञात ठाउँमा बन्दी बनाएको र जहाज नियन्त्रणमा लिएर राहत सामग्री कब्जा गरेको छ । हाम्रो पार्टी इजरायली विस्तारवादको यो कार्यको घोर भर्त्सना गर्दछ र राहत सामग्री प्यालेस्तिनी जनतासम्म पुऱ्याउन र गिरफ्तारीमा परेकालाई बिनाशर्त रिहाइगर्न माग गर्दछ । इजरायल तथा अमेरिकाले इरानमाथि सैन्य हमला गरेपछि स्थिति विकराल बनेको छ र तेस्रो विश्वयुद्धको खतरा मडारिएको छ । हाम्रो पार्टी अमेरिकी साम्राज्यवादको युद्धपिपासु नीतिको विरोधमा आवाज उठाउन उत्पीडित राष्ट्र, जनता तथा राजनैतिक शक्तिहरू सबैलाई हार्दिक अपील गर्दछ । बक्तब्यमा परराष्ट्रमन्त्री पटकपटक दिल्ली धाएर प्रधानमन्त्रीको भारत भ्रमणका लागि निम्तो दिन आग्रहगर्दा पनि त्यसलाई इन्कार गर्दैआएको मोदी सरकारले अहिले प्रधानमन्त्री केपी ओलीलाई भदौमा भ्रमणका लागि निम्तो दिएको र प्रधानमन्त्रीले पनि निम्तो स्वीकारगरी भ्रमणको तयारी गरिरहेको भन्ने समाचारहरू आएका छन् ।

यसभन्दा पहिले भारत भ्रमणमा गएका नेपालका प्रधानमन्त्रीहरू एकाध बाहेक प्रायः सबैले राष्ट्रघाती सन्धि सम्झौता गरेर फर्केको पृष्ठभूमिलाई हेर्दा केपी ओलीले पनि राष्ट्रघाती सम्झौता नगर्लान् भन्न सकिने स्थिति छैन । भारतले बाँकी रहेका नेपालका नदीहरू र सुपुर्दगी सन्धिमा हस्ताक्षर गराउन लामो समयदेखि तयारी गरिरहेको चर्चा सार्वजनिक भइरहेका छन् । यदि प्रधानमन्त्रीबाट राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डता माथि घात पुऱ्याउने सन्धि हुन गयो भने त्यो नेपाली जनताको लागि स्वीकार्य हुने छैन भनिएको छ । त्यसैगरी सरकारले संसदमा प्रस्तुत गरेको भूमि विधेयक भूमाफिया तथा नव धनाढ्यहरूको स्वार्थ अनुकूल भएको र वास्तविक सुकुम्वासी, भूमिहीन किसान तथा भूमिहीन दलितहरू यसबाट लाभान्वित नहुने भएकोले यसलाई खारेज गर्नुपर्दछ । कतिपय सांसदहरूले त्यसका विरुद्ध संसदमा आवाज उठाएका छन, त्यो सकारात्मक कुरा हो ।

यो जनविरोधी विधेयकका विरुद्ध आवाज बुलन्द गर्न हाम्रो पार्टी आम जनतामा पनि गरिएको छ । चौथो निर्णयमा प्रतिनिधि सभाबाट पारित भएको कुलिङ् पिरियड सम्बन्धी कानुनलाई राष्ट्रिय सभाबाट उल्ट्याउन गरिएको षडयन्त्र सरकारको भ्रष्टाचारलाई मलजलगर्ने एउटा कदम हो । हाम्रो पार्टी यसको घोर विरोध गर्दछ भनिएको छ । पाँचौ निर्णयमा भिजिट भिसाजस्ता लज्जास्पद राष्ट्रघाती प्रकरणमा उच्चपदस्थ मन्त्रीहरू नै संलग्न रहेको, कैयौं प्रमाणित भ्रष्टाचारीलाई सरकारले नै संरक्षण गरेको, सिंहदरबारनै भ्रष्टचारको अखडा बनेको र कमिशनका लागि शिक्षा, स्वास्थ्य तथा राष्ट्रिय उद्योगहरूलाई निजीकरणगरी दलाल पूँजीपतिहरूलाई पोस्ने काम हुँदैआएकोले यस बैठकले नेपालमा भ्रष्टाचार संस्थागत भएको ठहर गरेको छ । गत आषाढ पाँच गते देशव्यापीरूपमा पार्टीद्वारा उद्घाटन गरिएको भ्रष्टाचार विरुद्धको अभियानलाई थप प्रभावकारी बनाउन बैठकले कमरेड असिमको नेतृत्वमा पाँच सदस्यीय जनसंघर्ष परिचालन समिति गठन गरेको छ । यो अभियान एक वर्षसम्म चल्ने भनिएको छ ।

त्यसैगरी अर्को बुँदामा अमेरिकी सरकारले नेपालमा आउने सबै प्रकारका अनुदानमाथि रोक लगाए पनि एमसीसीलाई निरन्तरता दिने निर्णय गरेको छ । यो परियोजना नेपालमा सैन्य अखडा स्थापना गरी चीनलाई घेराहाल्ने हिन्द प्रशान्त रणनीतिको एउटा हिस्सा हो । यसबाट देशको राष्ट्रिय स्वाधीनतामाथि गम्भीर खतरा पैदा हुनुका साथै यसमा प्राकृतिक स्रोत साधन कब्जागर्ने र नेपाललाई अमेरिका तथा चीनका बीचको रणभूमी बनाउने उद्देश्य लुकेको छ । हाम्रो पार्टी यसको तीव्र विरोध गर्दछ र यसका विरुद्ध लामबद्ध हुन सम्पूर्ण देशभक्त, प्रगतिशील, वामपन्थी तथा क्रान्तिकारी शक्ति तथा व्यक्तित्वहरूलाई हार्दिक अपील गर्दछ भनिएको छ । सातौं निर्णयमा हाल विद्युत प्राधिकरणले ६/६ घण्टासम्म लोडसेडिङगर्ने तयारी गरिरहेको छ र दिनहुँ पटकपटक विद्युत लाइन काटेर जनतालाई हैरान पार्दैआएको छ । यो नेपालमा बिद्युत कम भएर होइन, दलाल पूँजीपतिहरूबाट अकूत कमिशन कुम्ल्याउनका लागि बिद्युत प्रधिकारणलाई निजीकरण गर्ने वातावरण बनाउन चालिएको सरकारी षडयन्त्र हो । हाम्रो पार्टी यसको घोर विरोध गर्दछ र यस षडयन्त्रका विरुद्ध उभिन आम जनतालाई आह्वान गर्दछ भनिएको छ ।

## क्रान्तिकारी...

मन्तव्य राख्नु भएको थियो । कार्यक्रम मजदुरहरूले मजदुर पक्षीय नाराहरू लगाउनु भएको र नयाँ मजदुर कार्यकर्ताहरूले संगठनमा आबद्ध हुने घोषणा गरेको पनि स्रोतले जानकारी दिएको छ ।

## दलितको...

कार्यबाहक महासचिव सीपी गजुरेलले मोर्चाको झण्डा अभियान दललाई हस्तान्तरण गरी गर्नु भएको थियो ।

उहाँले वर्गसंघर्षबाट आमुल परिवर्तनपछि प्राप्त हुने संघीय जनगणतन्त्रबाट मात्रै दलितका समस्या समाधान हुने भएकोले यो अभियान त्यही उद्देश्यसित जोडेर अगाडि बढाउन पनि अनुरोध गर्नुभयो ।

उक्त कार्यक्रममा आदिवासी जनजाति महासंघका अध्यक्ष पवनमान श्रेष्ठले नेपालमा केन्द्रीकृत सामन्ती राज्य स्थापनापछि वैदिक वर्ण व्यवस्था लादेपछि दलित समस्या देखापरेको कुरा चर्चा गर्दै जति जति समाज विकसित हुँदै गयो, यो समस्या झन झन पेचिलो र जटिल बनेको छ भन्नु भयो । पछिल्लो जनगणनाअनुसार कुल जनसंख्याको १३% जनसंख्या रहेको दलितहरूको मुक्तिको लागि बिशेष अधिकार दिएर गैरदलित सरह अधिकार सम्पन्न गरेर मात्रै उनीहरूको अवस्थामा सुधार ल्याउन सकिने बताउनु भयो । अधिकार प्राप्त गर्न जनवादी क्रान्ति सम्पन्न गर्नुपर्ने पनि बताउनु भयो ।

अर्का वक्ता क्रान्तिकारी किसान महासंघका अध्यक्ष सिताराम तामाङले एशियामा जब वैदिकहरूको प्रवेश भयो र राज्य सत्ता बनाउदै गएपछि खानि र उत्पादनमा लागेका श्रमिक हरूलाई दलित बनाएर सुरु गरेको कुरा चर्चा गर्दै जति जति हिन्दू राज्यसत्ता बलियो र बिस्तार हुँदै गयो त्यति त्यति दलितहरू बिच विभेदीकरण बढ्दै गएको बताउनु हुदै सरकारले ल्याउन लागेको भुमि बैंकबाट अलि अलि जमिनसंग जोडिएको दलितहरूलाई पनि जमिनबाट सम्बन्ध छुटाउने प्रयास भएकोले त्यो मुद्दालाई पनि जोडेर लान अनुरोध गर्नुभयो ।

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका स्थायी समिति सदस्यसन्त बहादुर नेपालीले जागरण जनयात्रा व्यपक जनसहभागिता सहित सफलताको शुभकामना दिदै सरकारले सामान्य सुधारका केही कानुन बनाए पनि त्यो लागु भएको छैन भन्दै मुक्ति पाउन त सारा दलित समुदाय नजागी हुदैन । त्यसैले जागरण अनिवार्य भएको चर्चा गर्दै सानातिना सुधार संगसंगै आमुल परिवर्तनको अभियान संग जोडेर लान अनुरोध गर्नुभयो । क्रान्तिकारी दलित मुक्ति मोर्चा नेपालका केन्द्रीय संयोजक टेकबहादुर बिकको अध्यक्षतामा उद्घाटित समारोहको सञ्चालन मोर्चाको केन्द्रिय कार्यालय सदस्य शोभा सेन्चुरीले गर्नुभएको थियो भने स्वगत मन्तव्य अर्का कार्यालय सदस्य रोशन विशंखेले राख्नुभएको थियो ।

# अखिल भारत नेपाली एकता समाजको मध्यदक्षिण भेला सम्पन्न

एजेन्सी । ०३-०८-२०२५ का दिन अखिल भारत नेपाली एकता समाज मध्य दक्षिण क्षेत्रीय समिति अन्तर्गत पर्ने दक्षिण हैदरावाद नगर समितिद्वारा संचालित जुब्ली हिल्स एरिया समितिको बृहद भेला पशुपति शर्माको अध्यक्षतामा अखिल भारत नेपाली एकता समाज मध्य दक्षिण क्षेत्रीय समितिका अध्यक्ष कृष्ण पौडेलको विशेष उपस्थितमा र केदार शर्माको संचालनमा व्यापक जनसहभागिताको उपस्थितिमा भेला सम्पन्न गरी १९ सदस्यीय जुब्ली हिल्स एरिया समितिको गठन गरिएको छ ।

भेलाद्वारा नव निर्वाचित कार्यकारिणी पदाधिकारीहरूलाई अतिथिहरूले सफल कार्यकालको हार्दिक बधाई तथा शुभकामना दिनु भएको थियो ।

अखिल भारत नेपाली एकता समाज मध्य दक्षिण क्षेत्रीय समितिका अध्यक्ष कृष्ण पौडेल अखिल भारत नेपाली एकता समाज महिलाका क्षेत्रीय अध्यक्ष दिलमाया थापा अखिल भारत नेपाली एकता दक्षिण हैदरावाद नगर समितिका सचिव रामु शर्माको भेलामा आतिथ्यता थियो ।

मौनधारण - विभिन्न युद्ध र आन्दोलनमा सहादत प्राप्त गर्नु हुने शहिदहरूको सम्झनामा एक मिनेट मौन धारण गरिएको थियो ।

कार्यक्रमको संचालन केदार शर्माले गर्नुभएको थियो । भेलामा सहभागी जनमानसहरूबाट आएका रिपोर्ट माथि व्यापक छलफल गरी छलफलको निचोडमा एरिया समितिको आवश्यकता संख्या र पदाधिकारीहरूको चयन गरिएको थियो ।

समितिको अध्यक्षमा पशुपति शर्मा, उपाध्यक्षमा विनोद थापा, सचिवमा कमला शर्मा , सहसचिवमा मीना वि सी र कोषाध्यक्षमा दीपा शर्मा रहनुभएको छ । भने सदस्यहरूमा तुल बहादुर थापा, मञ्जु थापा, विष्णु के सी, बिमला क्षेत्री, मीना परियार, सदस्य हरी वर्मा, अनिसा राई, सरीता राई, शुसिल परियार, दुर्गा बहादुर परियार , धर्म थापा, टार्जन गुरुङ, मिलन परियार र कृष्ण विक रहनुभएको छ ।

## अन्य पार्टी...

नसकेको र भ्रष्टाचार, बेथिति मौलाएको बताउनुभयो ।

अहिलेको संसदीय व्यवस्था अन्त्य गर्दै देशमा वैज्ञानिक समाजवाद लागू गर्न सबै जागरुक हुनुपर्ने बेला आएको बताउनुभयो । कार्यक्रममा प्रमुख अतिथिसमेत रहनु भएको केसीले नेतृत्व तहबाट नैतिक मुल्य चुक्दै गएको र जनताका आधारभूत आवश्यकतामा ध्यान नपुगेको भन्दै संसदीय व्यवस्थाको विकल्प नयाँ जनवाद , वैज्ञानिक समाजवाद स्थापना गर्ने बेला आएको जिकिर गर्नुभयो ।

पार्टीका जिल्ला सचिव ईश्वरी प्रसाद गैरेको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा उहाँले अपवाद बाहेक अधिकांश नेता, कार्यकर्ता भ्रष्टाचारबाट मुक्त हुन नसकेको अवस्थामा देशले निकास पाउन नसकेको, राज्य स्रोतको दोहनबाट विकासमा गम्भीर असर पुगेको बताउनुभयो ।

देशलाई सधैका लागि भ्रष्टाचारबाट मुक्त गर्न क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले थालनी गरेको देशव्यापी भ्रष्टाचार विरोधी अभियानले सञ्चालन गरिएको छ । नयाँ जनबादी क्रान्तिको खुड्किलो पार गरी वैज्ञानिक समाजवादको स्थापना गर्ने संकल्पका साथ अघि बढेको बताउनुभयो । उहाँले वैज्ञानिक समाजवादले मात्रै भ्रष्टाचारको पूर्ण उन्मुलन गर्ने दावी पनि गर्नुभयो । यो ब्यबस्था नै भ्रष्टचार लिप्त भएकोले यहीं ब्यबस्था भित्र नयाँ अनुहार पुगेपनि रूपरङ्गमा कुनै फरक नपर्ने भएकोले मिसन ८४ होइन मिसन प्रत्येक दिन भन्ने नारा लगेर गाउँ गाउँमा अभियान लगेकाछौ ।

कार्यक्रममा जिल्ला सचिव गैरेले दाङमा पछिल्लो समय भएका विकृति, बेथिति र र भ्रष्टाचारका घटना सार्वजनिक गर्दै घटना प्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको बताउनुभयो । सो अवसरमा विभिन्न पार्टी परित्याग गरी क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालमा समाहित भएका ३४ जनालाई अबिर लगाएर स्वागत गरिएको छ । पार्टी प्रबेशको औचित्य पुण्टी गर्दै गगन खडकाले नेपाल कम्युनिस्ट पार्टी माओबादी केन्द्रमा जीवन बिताएको लामो सङ्घर्ष बलिदान त्याग ब्यर्थ भएको देखेर उक्त पार्टीको पछि लाग्नु औचित्य नरहेको , माओबादी केन्द्र काङ्ग्रेस हो कि एमाले कुनै रङ्गरूप नछुट्टिएको बिदेशी प्रभुहरूको चाकरी गर्ने दलालि गर्ने जनयुद्धका समयमा देखाएको सपनामा हिलो छ्याप्ने काम भएको , स्थानीय नेताहरू कसरी कमाउन सकिन्छ भन्ने कुरातिर मात्र ध्यान गएकाले उक्त पार्टी मा बस्नु कुनै अर्थ नरहेको देखि हामीले मोहन बैध्दले नेतृत्व गर्नुभएको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालमा समाहित भएको कुरा राख्नु भएको थियो ।

पार्टीका केन्द्रीय समिति सदस्य शशीराम बुढाथोकीको स्वागत मन्तव्यबाट शुरु भएको पत्रकार सम्मेलनको सहजीकरण जिल्ला सदस्य तिलक बिकले गर्नुभएको थियो ।


**यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !**

- www.moolbato.com
- www.hanktoday.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- हाँक साप्ताहिक

# आलोपालो

## सर्वहारा वर्ग र विश्वव्यापी दासता

*सर्वहारावर्गको वर्गदुश्मन पुँजीपति वर्गले पनि सर्वहारा वर्गीय सत्ताप्रति घृणा फैलाउन थुप्रै व्यक्तिवादी, उपभोक्तावादी पुँजीवादी सिद्धान्त र मान्यता बच्चादेखि नै मस्तिष्कमा भरिन्छ । विज्ञानले फड्को मारेर कृत्रिम बौद्धिकताको युगमा प्रवेश गरेको छ । यो एउटा साम्राज्यवादी तथा विकसित पुँजीवादीका लागि नित्य पुँजीवादी दासता फटाइँ जालसाझी गर्ने एउटा ठूलो अस्त्र प्राप्त भएको छ*



● अपत्य शर्मा ●

सर्वहारावर्ग भनेको त्यो वर्ग हो जसको आफ्नो भन्ने जीविकाका साधन धनसम्पत्ति केही पनि नभएको मात्र हाड छाला र रगतबाट निस्कने शारीरिक, मानसिक शक्ति अर्थात् श्रमशक्ति जुन मालको रूपमा पुँजीपतिलाई घण्टा, दिन, साप्ताहिक वा मासिक ज्यालाका रूपमा बिक्री गर्छ । माल सामानका बजारमा माल किनेपछि ग्राहकले पुनः अर्को मालका लागि उत्पादित त्यही निर्जीव माल पाउँदैन । तर श्रम बजारमा सर्वहाराको सजिव माल (श्रमशक्ति) पुँजीपतिले त्यही अनौठो माल श्रमशक्ति दैनिक रूपमै प्राप्त गर्दछ । निर्जिव माल एकपटक उत्पादन भएपछि पुनः त्यो माल हुँदैन । तर सजिव माल सर्वहारबाट पुँजीपतिले दैनिक प्राप्त गर्छ । सर्वहारावर्गको रगत मासुबाट निस्कने श्रमशक्ति रूपी माल अन्य निर्जिव माल भन्दा विल्कूलै भिन्न र अनौठो छ । आफ्नो पेट पाल्न र परिवारको पेट पाल्न सर्वहाराले आफ्नो श्रमशक्ति बेच्नै पर्छ । नत्र र उसको परिवार भोकै हुन्छ । सर्वहारा श्रमशक्ति पुनर्भरण गर्नका लागि पनि पेटमा चारो हाल्नैपर्छ ।

सर्वहाराको टाउकोमा सधै बेरोजगारी, गरिबी, शोषण, उत्पीडन र दासता छाया जस्तै साथमा हुन्छ । सर्वहारा जाति, धर्म, वर्ण, लिंग भेद, राष्ट्रियता, जातीय पहिचानको सामन्तवादी , पुँजीवादी अन्धराष्ट्रवादी संकुचित, संकीर्ण घेराभित्र कैद भएर बाँच्न सक्दैन । आफ्नो श्रमशक्ति बेच्न विश्वको कुनै पनि भागमा पुग्छ र पारिवारिक सम्बन्ध, धर्म, संस्कृति, भाषा आदि सँगको सम्बन्ध पनि विच्छेद हुन्छ । यदि आफ्नै मुलुकमा छ भने राष्ट्रवादी हुन्छ भने अन्तर्राष्ट्रवादी पनि हुन्छ । किनभने मजदुर वर्ग जुनसुकै राष्ट्रमा भए पनि शोषित, पीडित, दमित, अपमानित र दासतामा बाँधिएको हुनाले विश्वका मजदुरहरू एक होऔं का नारा सर्वमान्य छन् । मजदुर वर्गले के विर्सनु हुँदैन भने शोषक वर्ग जुनसुकै वर्ण, लिंग, क्षेत्र वा राष्ट्रको भए पनि क्रुर र बर्बर हुन्छ । यसकारण मजदुर पनि जुनसुकै राष्ट्र, वर्ण, लिंग, क्षेत्रको भए पनि सबै शोषित, पीडित, दमित हुने भएकाले एउटै सर्वहारा वर्गीय स्वार्थ हुन्छ र ज्यानी दुश्मन पुँजीपतिवर्गको वर्गसत्तालाई उखेलेर सर्वहारा वर्गको शासन सत्ता कायम गर्ने उद्देश्य राख्नुपर्छ किनभने जबसम्म शोषक वर्गीय शासन हुन्छ, तवसम्म शोषण रहिरहन्छ र दासता पनि ।

नेपालमा पुँजीवादको *बाँकी ७ पेजमा*


# भू-संरक्षण गरौं

**भू-संरक्षणका उपायहरू**

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भूक्षय रोक्ने रुख, घाँस(अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं
- बिना अनुमति गिट्टी, बालुवा, माटो, ढुंगा, उत्खनन नगरौं,
- पानी संरक्षणका उपायहरू अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं

**'माटो बचाऔं, भविष्य जोगाऔं'**

नेपाल सरकार

**विज्ञापन बोर्ड**


### वर्गसंघर्षबिना...

आदिवासी जनजातिहरूमाथिको शोषण झन धेरै हुने भएकाले यो दिवस मनाउनु पर्छ । र सारा आदिवासी जनजातिहरूलाई समेटेर सचेतना पैदा गरी मार्क्स एंगेल्सले देखाएको ऐतिहासिक भौतिकवादी दृष्टिकोणको जगमा टेकेर मात्रै हल हुनसक्ने देखाउन दीर्घकालिन अभियान चलाउनु पर्छ ।"

उहाँले अगाडि भन्नुभयो, "उत्पीडित आदिवासी जनजातिहरूप्रतिको पार्टीको गौरवशाली विरासत खोस्न रङ्ग रङ्गका तथाकथित नेताहरू देखा परे तर आज तिनको कन्तविजोग सबैले देखेका छन्, अब त जुझारु अर्थवादको मसिहा बनेर देखा परेका छन् । हामी माथि एउटा प्रश्न अहोरात्र तेर्सिरहन्छ तिमीहरूले चाहिँ के गर्यौ भनेर । हामिले पहिले नै यो सत्ता जनताको होइन, राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सामान्यभन्दा सामान्य समस्या हल गर्न सक्दैन भनेका थियौं, अहिले सारा जनताले भन्न थालेका छन् । जनताको बुझाइ पनि अब हाम्रै बुझाईमा आई पुगेको छ । हामीले अहिलेसम्म गरेको यही हो । यो समस्याको हल नेपाली बिशेषताको आम विद्रोहबाट हुन्छ भनेका थियौं । अब जनताको सुझबुझलाई त्यहाँसम्म उठाउन पर्छ । त्यो अरु कसैले गर्दैन, हामीले मात्रै गर्न सक्छौं । त्यो दायित्व हामी क्रान्तिकारीहरूको हो त्यसैले त्यो दायित्व पुरा गर्न आदिवासी जनजातिहरूको बस्ति बस्तिमा अभियान लिएर जानुपर्दछ ।"

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका पोलिटव्युरो सदस्य आदिवासी जनजाति महासंघका सल्लाहकार तथा क्रान्तिकारी किसान महासंघका अध्यक्ष सिताराम तामाङले आदिवासी जनजाति महिला मुस्लिम लगायतका समस्या उठाएर भोट वैंक बनाउदै सत्तासम्म पुग्ने भर्याङ बनाउने गरेको चर्चा गर्दै पृथ्वीनारायण शाहको विरासत बोकेकाहरूले आदिवासी जनजाति महिला, मुस्लिम, दलितहरूको कुरै सुन्न नचाहने बताउनु भयो । तिनका समस्या समाधान गर्ने डियुटी क्रान्तिकारी कम्युनिस्टहरूको हो भन्दै मुलवासी र आदिवासी जनजातिको नाम र शब्दमा लडाएर आदिवासी जनजाति आन्दोलन कमजोर बनाउन खोज्नेहरूबाट सतर्कता अपनाउदै भ्रम चिर्न जरुरी भएको पनि बताउनु भयो । उहाँले भन्नुभयो, "मुल भन्ने वित्तिकै यहि धर्तीमा उम्रेको भन्ने अर्थ लाग्छ तर हामी सबै हेमो सेपियन्सकै प्रजाति हौं, त्यसको मुल थलो आजको अफ्रिका केन्या हो । तिनै काला कालिका निरन्तरको परिवर्तन र रूपान्तरित सन्तान हौं । त्यहाँ बाट संसार भर फैलियौं र त विभिन्न हावापानी र भुगोल अनुसारका रूप रङ्गका भयौं भन्ने चर्चा गर्दै आज आदिवासी जनजातिहरू भुमि पुजक थिए भु-पति राजा महाराजा हरूले भाषा भुमि सभ्यता संस्कृति जीवन पद्धति सबै खोसेर आजको हालतमा ल्याई पुर्याए, जंगबहादुरले मुलुकी ऐन ल्याएर र राजा महेन्द्रले हिन्दू अधिराज्यको कानुन बनाएर सबै प्रकारका अतिक्रमण गरी एक देश एक भेष एकै भाषा एकै संस्कृति लादेर कमजोर बनायो । त्यसबाट मुक्ति दिलाउन क्रान्तिकारीहरूले मात्रै सक्छन् । त्यो भनेको हाम्रो पार्टी हो तसर्थ देशव्यापी अभियान चलाएर अघि बढ्नु पर्दछ ।"

त्यसैगरी क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका पोलिटब्युरो सदस्य तथा आदिवासी जनजाति महासंघका केन्द्रीय सल्लाहकार परि थापाले कम्युनिस्ट पार्टीको महाधिवेशनबाट आदिवासी जनजातिहरू प्रस्ताव पारित गरेर दस्तावेजीकरण पहिलो पार्टी तात्कालिक ने.क.पा.(मशाल) ले गरेको थियो भन्नुहुँदै जतिवेलादेखि संयुक्त राष्ट्र संघको सदस्य भएर पनि २०४६-४७ तिर आदिवासी जनजाति दिवस मनाउदा होस वा त्यसको विषयलाई लिएर छलफल अन्तरक्रिया गर्दा समेत गिरफ्तरिमा परेको चर्चा गर्नु भयो । उहाँले भन्नुभयो, "राज्यले सधैँभरि प्रकृति प्रेमी आदिवासी जनजातिहरू लाई ईमोशनल ब्ल्याकमेल गरिरह्यो, यतिसम्म लुटिरह्यो राणा शासन देखि २०१२ सम्म तराईको जमिन आफ्नो भन्ने जनता जति ईण्डियन ठान्ने मात्रै गरेनन्, पशुपति दर्शन गर्न आउँदा भिमफेदी मा १५ दिने राहदानी लिनैपर्ने बनाइएका थिए तसर्थ मार्क्सले भने झैँ एउटा व्यक्तिले अर्को व्यक्तिमाथि शोषण अन्याय अत्याचार रहुन्जेल एउटा जातिले अर्को जातिमाथिको शोषण अन्याय अत्याचार रहिरहन्छ भने जस्तै वर्ग समाज रहुन्जेल यो परिपाटी रहिरहने भएकोले वर्ग संघर्षबिना आदिवासी जनजातिहरूको मुक्ति सम्भव हुँदैन ।"

अर्का सल्लाहकार कमल चौधरीले विश्वभरिका आदिवासी जनजातिहरूले समाज विकासको हरेक चरणमा ज्यादति खेप्नुपरेको चर्चा गर्दै दास दासि, हरूवा चरुवा, कमैया कमलरी, हलिया यी सबै आदिवासी जनजातिहरू नै बन्नुपरेको बताउनु भयो । उहाँले भन्नुभयो, "ब्रिटिसहरूले आदिवासी जनजातिहरूको प्रतिरोध धेरै व्यहोर्नु पर्दा हैरान भएपछि कारण खोज्न विज्ञहरूको एक टोली बनाएर अनुसन्धान गर्दा उनीहरूले आत्मस्वभिमानको सम्मान नपाउन्जेल जमिनबाट वेदखल गराईन्जेल बरु सिद्धिन्छन् लड्न छोड्दैनन् भन्ने भएपछि मात्रै ब्रिटिसहरूले अधिकार दिएका हुन् ।"

जनसंगठनको तर्फबाट अखिल क्रान्तिकारीका संयोजक महेश श्रेष्ठ र जनसांस्कृतिक महासंघको तर्फबाट गौरी दाहालले पनि शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

समारोहका सभापति पवनमान श्रेष्ठले संसारभर आदिवासी जनजातिहरू निकै उतारचढावबाट गुज्रँदै आएको बताउँदै क्रान्तिकारीहरूलाई कम्युनिस्ट पार्टीको सत्ताले आदिवासी जनजातिहरूलाई मुक्त गरेको अनुभव पनि रहेको बताउनु भयो । उहाँले भन्नुभयो, "सामन्तवाद र एकाधिकारवादी साम्राज्यवादी शोषण दमन अत्याचारको पनि अनुभव रहेकोले अझ उचाईबाट हल खोज्न पर्ने आवश्यकता छ । आईएलओ १६९ पालना गर्ने भनेर हस्ताक्षर कर्ता नेपालले पाथीभरा केबुलकार होस वा काठमाडौं तराई द्रुतमार्ग होस काहिँ पनि पालना नगरेकोले अन्तर्राष्ट्रियकरण गरेर बिकल्प खोज्न दवाव दिन जरुरी रहेको बताउदै उहाँले बक्ता हरूको सल्लाह सुझाबलाई अभियानकै अंग बनाएर लैजाने प्रतिबद्धता जनाउदै सबै वक्ताहरूलाई उहाँले धन्यवाद ज्ञापनसहित समारोहको समापन गर्नुभयो ।

अखिल नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष पवनमान श्रेष्ठको अध्यक्षतामा सुरु भएको कार्यक्रमको सञ्चालन फुर्नाम्गेल मोक्तानले गर्नुभएको थियो । कार्यक्रममा नेपाल राष्ट्रिय प्राध्यापक संघका अध्यक्ष डा.जगदिशचन्द्र भण्डारी, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल ९ नम्बर व्युरो ईन्चार्ज दिनेश शर्मा, १० नम्बर व्युरो ईन्चार्ज सुरेश श्रेष्ठ, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियनका अध्यक्ष ईश्वर तिमल्सिना, अखिल नेपाल जनसांस्कृतिक महासंघका गौरी देवकोटा, क्रान्तिकारी युवा संगठनका संयोजक सूर्य तिमिल्सिना, अखिल क्रान्तिकारीका केन्द्रीय संयोजक महेश श्रेष्ठ, क्रान्तिकारी उद्योग महासंघका शिव धिमाल, खेलकुद महासंघका सुर्य भुजेल लगायत अतिथिहरू हुनुहुन्थ्यो । अतिथिहरूलाई केन्द्रीय सदस्यद्वय सपना राजथला र अर्पणा श्रेष्ठले खादा लगाएर अतिथि स्वागत सत्कार गर्नुभएको थियो भने उपस्थितिहरूलाई महासंघका केन्द्रीय कोषाध्यक्ष भरत बुर्जा मगरले स्वागत मन्तव्य राख्नु भएको थियो ।

### गाउँले...

कार्यालयमा गयौं । सुरुमा त डिउटिमा बसेको प्रहरी हबल्दारले हामीलाई समेत गिरफ्तार गर्ने धम्कीपूर्ण भाषा प्रयोग गर्‍यो । हामीले केही कानुनी कुरा गर्नुका साथै एकता समाजको परिचय दिएपछि कमिसनर साहेव मिटिङ्मा जानू भएको छ तपाइहरू ३ बजे आउनुहोस् भन्ने सल्लाह दियो । त्यसपछि हामीहरू महेन्द्र बस्याललाई भेट्न गयौं र घटनाको विवरण ३ बजेको लागि कमिस्नर भेट्ने समय लिएर आएकोबारे जानकारी गराउनुका साथै ठिक ३ बजे हामीहरू तिनैजना कमिस्नरको कार्यालयमा पुग्यौं । कमिस्नरसंग भेटभएपछि घटनाको यथार्थ विवरण लिनुका साथै घटनाका दोषीलाई कार्वाहीको दायरामा ल्याउनुपर्ने र निर्दोष नेपालीहरूलाई तुरुन्त रिहा गर्न दबाव दिएपछि गिरफ्तार नेपालीहरू दोषी ठहरे प्रशासनमा पेस गर्ने र घटनाको दोषीको खोजी कार्यमा हामीले समेत सहयोग गर्ने सर्तमा सबै नेपालीहरूलाई रिहा गराउन सफल भयौं ।

भारत प्रवासमा रोजगारी गर्न जाने नेपालीका समस्या दिनप्रतिदिन गम्भीर बन्दै गएका छन् । सरकारी जागिरको हकमा एकाध राज्य बाहेक नेपालीहरूको लागि सन् १९९० देखि खारेज गरिसकेकोछ । अन्य बहुराष्ट्रिय कम्पनिदेखि ससाना कलकारखानामा समेत स्थानीय ठेकेदारहरूले कब्जा जमाएका छन् । त्यसैले नेपालीहरूले जागिर पाउनै कठिन छ । यदि जागिर पाइहाले पनि उचित बेतन मिल्दैन । त्यसैमा पनि स्थानीय परिचयपत्र अनिवार्य बनाएको छ । १० वर्ष स्थायी बसोबास गरेको प्रमाणविना परिचयपत्र पाइँदैन । चोरिछिपि परिचयपत्र बनाउ भने बिचौलियाहरूलाई हजारौं घुस खुवाउनु पर्दछ भने अर्कोतिर पहिलेदेखि भारतमा बसेका नेपालीहरूले पनि ठेक्कापट्टा सन्चालन गर्दछन् । प्रायः सिधासाधा धेरैजसो नेपाली मजदुरहरू नेपालीबाटै ठगिएका छन् । अर्को समस्या भारतका कैयौं सहरहरूमा नेपालीहरूबाट नै चोरी, डकैती र हत्याहिंसा गरेर फरार हुने गरेका घटनाहरू दिन प्रतिदिन आइरहन्छन । तसर्थ सिधासाधा इमान्दार नेपालीहरूको लागि भारतमा मजदुरी गरेर दैनिक गुजार्न धेरै अफ्ठारो छ । जबसम्म देशमा दलाल पुँजीवादी विचौलियाहरूको इसारामा चल्ने संसदीय व्यवस्थाको हालीमुहाली रहन्छ, नेपाली युवाहरूको भविष्य अन्धकार मुक्त हुन सक्दैन तसर्थ सबै भारत प्रवासमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूलाई अखिल भारत नेपाली एकता समाजको झण्डामुनि गोलबद्ध हुन आह्वान गर्दछु ।

म २०८० सालको भाद्र महिनामा पेशाबाट अवकास भएको हुँ ।केही सामाजिक मुद्दा मामिला र अन्य कतिपय ६ महिना भारतमै रहेर २०८० सालको फाल्गुण महिनामा स्वदेश प्रवेश गरेको हुँ । स्वदेशमा आफ्नो बासस्थान घर बनाउन एक वर्ष पुरा लाग्यो । केही काम बाहेक समग्रमा घर सम्पन्न भएको छ र हाल स्वास्थ्य परीक्षणका साथै पारिवारिक भेटघाटको लागि केही समयको लागि भारतमा छु र निकट भविष्यमा फर्किने तयारीमा छु ।

म क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको केन्द्रीय वैकल्पिक सदस्य, नवलपुर जिल्ला सचिवालय सदस्य, ११ नं व्यूरो सचिवालय सदस्यका साथै गैँडाकोट नगर सचिवालयको पनि सदस्य हुँ भने क्रान्तिकारी ट्रेड युनियन महासंघको केन्द्रीय सदस्य पूर्व गण्डकी प्रदेशको संयोजक र प्रदेश विघटन पश्चात् ११ नं व्यूरोको संयोजकको रूपमा काम गरिरहेकोछु । मेरो विशेष कार्य क्षेत्र नवलपुर जिल्ला रहेको र केन्द्रदेखि जिल्ला र पालिकासम्म पार्टी एकता भएको छ । पार्टी एकता पछि सबै साथीहरूका बीचमा घुलमिल र भावनात्मक एकताका लागि जोड दिनुपर्ने मैले ठानेको छु ।

हामी सबैले दम्भ त्याग्नुपर्छ । आगामी दिनमा क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउन हामी सबै एकजुट हुनुपर्छ । मेरो अबको कार्यक्रम भनेको क्रान्तिकारी ट्रेड युनियन महासंघ ११ नं व्यूरोको निर्माण र जनसम्बन्ध बिस्तार अभियानपछि बैठक बस्न नसकेका पालिकाहरूको बैठक बसाल्नुलाई नै मैले पहिलो प्राथमिकतामा राखेकोछु जहाँसम्म यी कार्यहरू पुरा गरेर भाद्र पहिलो हप्ताभित्रनै पार्टी केन्द्रमा रिपोट पठाउनेछु साथै विभिन्न बाधा र अडचनको सामना गर्दागर्दै पनि सडकमा फ्याँकिएको हाँकलाई पुनर्जिवित गराउन सक्नुमा म स्वयं गौरवान्ति छु । हाँक साप्ताहिकप्रति उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।